जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ११४ • २०८३ साल भाद्र २६ गते शुक्रबार (11 September, Friday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सबै शक्तिबीच सहकार्य आवश्यक : प्रचण्ड

**टुडे समाचारदाता**

सिरहा । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले देश गहिरो संकटमा रहेकाले सबै राजनीतिक शक्तिबीच सहकार्य आवश्यक रहेको बताएका छन् ।

सिरहाको मिर्चैयामा बिहीबार मोहन माध्यमिक विद्यालयको नवनिर्मित भवन उद्घाटन गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका संयोजक प्रचण्डले भदौ १० गते आएको बाढी तथा प्राकृतिक विपत्तिका कारण मुलुक गम्भीर संकटमा परेको भन्दै यस्तो अवस्थामा सबैको साथ, सहयोग र सहकार्य आवश्यक रहेको बताए ।

संयोजक प्रचण्डले भने, 'अहिले हामी राष्ट्रिय रूपमा एउटा गहिरो पीडा र संकटबाट गुज्रिरहेका छौं, नेपालको इतिहासमा मात्र होइन, विश्वमै यति भयानक प्राकृतिक विपत्ति विरलै देखिएको छ ।'

विपत्तिका कारण हजारौं नागरिक बेपत्ता भएको उल्लेख गर्दै संयोजक प्रचण्डले मुलुक अहिले राष्ट्रिय शोकको घडीमा रहेको बताए । विपद्को समयमा मधेशले पहाडलाई र पहाडले मधेशलाई सहयोग गर्ने नेपाली परम्परा सकारात्मक रहेको उनले बताए ।

संयोजक प्रचण्डले आफूले यसअघि पनि जलवायु परिवर्तन र विश्वव्यापी तापक्रम वृद्धिका कारण नेपालका हिमाल तथा हिमाली क्षेत्र जोखिममा परेको विषय अन्तर्राष्ट्रिय मञ्चमा उठाउँदै आएको बताए ।

### सरकार गठनको ६ महिनामै २ मन्त्री हटे

# उद्योग मन्त्री यादवको राजीनामा स्वीकृत, बोली नै कारण

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहको कार्यकाल ६ महिना पुरा नहुँदै दुई जना मन्त्री हटाइएको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारी यादवले बिहीबार राजीनामा दिएकी छन् ।

उनले बुधबार संसदीय समितिको बैठकमा दिएको अभिव्यक्तिले विवादमा तानिएकी थिइन् । 'हामीसँग ग्यास उद्योग ५८ वटा छ । अब ५९ वटा बनाउने हो कि होइन ?', समितिमा प्रश्न गर्दै मन्त्री यादवले भनेकी थिइन् 'हाम्रो जस्तो देशमा दुई वटाभन्दा बढी ग्यास उद्योग चाहिएको छैन ।'

समितिमा बोलिरहेकै बखत उनले आफूलाई मन्त्रीबाट हट्नु पर्ने संकेत गरेकी थिइन् । उनले धेरैमा दुइटाभन्दा बढी ग्यास उद्योग नचाहिने पनि बताएकी थिइन् । 'सबै उद्योग खारेज गर्नुपर्छ' उनले भनिन्, मैले धेरै अगाडिसम्म गएर बोलैं, किनभने म यो देशलाई हाँसेको हेर्न चाहन्छु यसले मलाई धेरै प्रभाव पनि पार्छ, मलाई थाहा छ ।' समितिमा बोलेको विषयले आफूलाई नराम्रो बनाउने थाहा भएको समेत उनले बताएकी थिइन् ।

यादवले राजीनामा दिनुभन्दा अघि दुईजना मन्त्री हटेका थिए । मन्त्री दीपक साहलाई सरकारले बर्खास्त गरेको थियो । उनकी पत्नी स्वास्थ्य सम्बन्धी एउटा समितिमा रहेको कारण बर्खास्त भएका थिए । सुधन गुरुंग आर्थिक विवादमा परेर राजीनामा गरेका थिए । तर सरकारले छानबिन समिति गठन गरी त्यसको प्रतिवेदनलाई आधार बनाएर उनलाई पुनः सरकारमा ल्याइसकेको छ । राजीनामा दिएर केही समय सरकार बाहिर रहेका गृहमन्त्री गुरुंग पुनः सोही मन्त्रालयमा फर्किसकेका छन् ।

उद्यमी व्यवसायीका कारण बजारमा ग्यास अभाव र कालोबजारी हुने गरेको अभिव्यक्ति दिएर विवादमा तानिएकी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री



गौरीकुमारी यादवले आफैं राजीनामा दिएकी छन् ।

बिहीबार प्रधानमन्त्री बालेन्द्र (बालेन) साहलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भेटेर मन्त्री यादवले राजीनामा बुझाएकी हुन् ।

गत चैत २७ गते मन्त्री बनेकी यादव यसअघि पनि विवादमा मुछिएकी थिइन् । पेट्रोलको मूल्य बढ्दा मन्त्री यादवले नै सूचना चुहाएको आरोप लागेको थियो । त्यस्तै उनलाई पक्राउ गर्न प्रधानमन्त्रीको कार्यालयले प्रहरी नै खटाएको समाचार समेत सार्वजनिक भएको थियो । संसद्को उद्योग समितिमा मन्त्री यादवले ग्यास अभाव हुनुमा उद्यमी व्यवसायीको बदमासी प्रमुख कारण रहेको बताएकी थिइन् ।

उनले कर्मचारीले समेत आफूलाई सहयोग नगरेको तथा करोडौं पैसा दिएर लाइसेन्स दिएको गुनासो गरेकी थिइन् । मन्त्री यादवले समितिमा यस्तो बताएको २४ घण्टा नबित्दै राजीनामा गरेकी छन् ।

बुधबारको समिति बैठकमा मन्त्री यादवले कर्मचारीबाट समेत आफूलाई असहयोग हुँदा केही काम गर्न नसकेको भन्दै कर्मचारीहरू उद्योगीको इसारामा मात्र चल्ने गरेको आरोप लगाएकी थिइन् । त्यसो त नियमित आपूर्ति भए पनि लामो समयदेखि ग्यासको अभाव हुँदै आएको थियो । पछिल्लो पटक कृष्णभिरमा पहिरो गएपछि आयात थप प्रभावित बनेको थियो । एकातिर रसुवा बाढीको विपत्ति अर्कोतिर उपभोक्ताले ग्यास नपाएपछि सरकारको चर्को आलोचना हुँदै आएको थियो ।

'मलाई एकदमै नराम्रो बनाउला, आज म यो विषयमा यति अगाडिसम्म बढेर बोल्दा' उनले भनेकी थिइन्, तर देशको लागि गर्ने हो भने यो हामीले बुझ्नै पर्ने कुरा हो, पार्टीको कुरा होइन, देशको कुरा हो । जब देशको कुरा आउँछ नि, त्यो पार्टीभन्दा अगाडि बढेर गर्नैपर्छ । अब जे भन्नुहुन्छ म त्यही गर्छु, तर त्यो उद्योगीहरूलाई पाता नफर्काएसम्म यो ग्यास सहज हुँदैन भनेर मेरो अन्तिम विश्लेषण यही हो ।

मन्त्री यादवले उद्यमीहरुलाई कर्मचारीले करोडौं लिएर उद्योगको लाइसेन्स दिएको हुनसक्ने बताएकी थिइन् । 'उद्योगीहरू पनि त्यो करोडौं त उठाउनुपर्यो नि ! उनीहरू उठाइरहेको छ', मन्त्री यादवको भनाइ थियो । मन्त्री यादवको उक्त अभिव्यक्तिको नेपाल उद्योग वाणिज्य महासंघ, ग्यास उद्योगीलगायतले आलोचना गरेका छन् ।

यस अघि भौतिक पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले ठेकदारहरुको खुट्टा भाँच्ने अभिव्यक्ति दिएर विवादमा परेपनि राजिनामा गर्नु परेको थिएन । मन्त्री लम्सालको चौतर्फी विरोध भएको थियो ।

## उद्योग मन्त्रालयमा साहको पदबहाली

**टुडे समाचारदाता**



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादवले बिहीबार पदबाट राजीनामा दिए लगत्तै उनको स्थानमा सुनसरी-४ बाट निर्वाचित दीपककुमार साह नियुक्त भएका छन् । साहले बिहीबार नै पदीय जिम्मेवारी सम्हालेका छन् ।

पार्टी बनाउँदै र छोड्दै हिँडेका नवनियुक्त उद्योग मन्त्री साहले जनमत पार्टीमा अत्यन्त प्रभावशाली नेताको रुपमा रहेका थिए । उनले जनमत पार्टी गठन गर्न महत्वपूर्ण भूमिका खेलेका थिए । जनमत पार्टी गठन गर्ने बेला डा. सीके राउतका सारथी साह रास्वपा सांसद हुँदै मन्त्री बनेका छन् । मन्त्री साहको सामु पनि ग्यास लगायतको समस्या समाधान गर्न प्रमुख चुनौती रहेको छ । काठमाण्डुमा ग्यासको चरम अभाव देखिएको छ । त्यसलाई समाधान गर्न नसकेकै कारणपनि यादवलाई राजिनामा गर्नु परेको हो ।

# आमा सुरक्षा कार्यक्रमको धज्जी उडाइँयो

**सुभाष कर्ण**



जनकपुरधाम । प्रत्येक नागरिकको स्वास्थ्य सेवामा सामान पहुँच र निशुल्क सेवा पाउने नेपालमा संवैधानिक व्यवस्था छ । संविधानको धारा ३५ मा निशुल्क स्वास्थ्य सेवा पाउने व्यवस्था छ ।

सुत्केरीका लागि त निशुल्क स्वास्थ्य सेवा पाउने सम्बन्धी 'आमा सुरक्षा कार्यक्रम' भन्ने छुट्टै कानून अर्थात निर्देशिका नै जारी गरिएको छ । सुत्केरी महिलाले गर्भधारणदेखि बच्चा जन्माएको २८ दिनसम्म यातायात खर्च समेत पाउने व्यवस्था हुँदाहुँदै सप्तरीको राजविराजमा एक महिलालाई पैसा आभावमा अस्पताल अगाडि सडकको फुटपाथमै बच्चा जन्माउनु परेको अवस्था आएको छ ।

अस्पतालले गरेको अमानीयता व्यवहारको कारण अहिले सामाजिक सञ्जालदेखि संसदसम्म सरकार राज्य संचालन व्यवस्था र अस्पतालको चर्को आलोचना भइरहेको छ । देशमा सुत्केरी महिलाले निशुल्क सेवा पाउने आमा सुरक्षा कार्यक्रम हुँदा हुँदै एक आमालाई सडकमै बच्चा जन्माउनु परेको घटनाले मानवतालाई शर्मसार गरेको भन्नेसम्मको आलोचना भइरहेको छ ।

घटना अनुसार मंगलवार राति राजविराज नगरपालिका-१४ पर्साहीकी २९ वर्षीया बबिताकुमारी पासवान प्रसवपीडा सुरु भएपछि श्रीमान् हरेराम पासवान र आफन्त महिलासहित उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल पुगेका थिइन् ।

उनी अस्पताल भर्ना भएपछि अस्पताल कर्मचारीले प्याथलोजी टेस्टसहित अल्ट्रा साउण्ड गराएर आउनु भन्यो । अस्पताल कर्मचारीले भनेपछि महिलाका श्रीमान हरेराम काउन्टरमा जाँदा पैसा नपुगेपछि फर्केर आए । बेडमा आउँदा हरेरामले चेकजाँचका लागि पैसा छैन, त्यसै सुत्केरी गराइ हार गुहार गरे । तर अस्पताल कर्मचारी पैसा छैन भने यहाँबाट जानु भनेर हप्काएपछि उनी श्रीमति लिएर अस्पतालबाट निस्केर बाहिर आए ।

अस्पतालबाट बाहिर सडकमा आएपछि बबितालाई अत्यधिक प्रसव पीडा भइरहेको कारण उनी सडकको फुटपाथमै अचेत भएर बसिन अन्ततः राति करीब अढाई बजेतिर उनले त्यहीं बच्चा जन्माइन् ।

परीक्षणका लागि करिब २ हजार ५ सयदेखि ३ हजार ४ सय रुपैयाँसम्म लाग्ने जानकारी पाएपछि आफूहरूले तत्काल रकम तिर्न नसक्ने भएर अस्पतालबाट बाहिरिएको हरेरामले भने । 'पैसा नभएकै कारण श्रीमतीलाई अस्पतालबाट बाहिर निकालियो,' हरेरामले भने, 'रकम खोज्न म बाहिर गएको थिएँ । फर्केर आउँदा श्रीमतीले अस्पतालको गेटमै बच्चा जन्माइसकेकी थिइन् ।'

यसअघि आफ्ना तीन सन्तान सामान्य रूपमा जन्मिएको र तत्काल परीक्षण गर्न नसकेको बताउँदै भर्ना गरिदिन आग्रह गरेको बताएकी छन् । तर, परीक्षण नगरी प्रसूति गराउन नमिल्ने भन्दै आफूलाई अस्पतालबाट बाहिर पठाइएको बबिताले भनिन् ।

हुन त बच्चा जन्मिएपछि परिवारले सालनालसहित शिशुलाई लिएर पुनः अस्पताल पुगे पनि तत्काल उपचार र भर्ना गर्न नदिएको उनको आरोप छ । तर सामाजिक सञ्जालमा घटना सार्वजनिक भएपछि अस्पतालले नवजात शिशु सहित बबितालाई उपचारको लागि अस्पताल भर्ना गरेको छ ।

आमा सुरक्षा कार्यक्रम निर्देशिकाको परिच्छेद २ को बुँदा नम्बर ४ को आमा सुरक्षा अन्तर्गत सेवाग्राही र स्वास्थ्य सेवा पाउने सुविधामा प्रत्येक महिलालाई गर्भधारणदेखि बच्चा जन्मेको २८ दिनसम्म आमा सहित नवजात शिशुले निशुल्क उपचार सेवा पाउने र यातायात खर्च समेत पाउने व्यवस्था रहेको छ ।

यस्तै परिच्छेद ३ को बुँदा ६ को आमा सुरक्षा कार्यक्रम अन्तर्गत इकाई मूल्य भन्ने शिर्षकको 'क' मा सेवा प्रदायक स्वास्थ्य संस्थाले सेवा गरेको वापतको रकम अनुसुची २ बमोजिम नेपाल सरकारबाट पाउने र सेवाग्राही महिलालाई आवश्यक पर्ने सम्पूर्ण प्रयोगशाला जाँच, औषधी, उपकरण र सामान गरी स्वास्थ्य संस्थाले दिनुपर्ने भन्ने व्यवस्था स्पष्ट रुपमा गरिएको छ ।

आमा सुरक्षा कार्यक्रम सरकारी अस्पतालदेखि केही निजी अस्पतालमा समेत संचालनमा छन् । तर सरकारी अस्पताल र निजी अस्पतालहरुले सुत्केरी र शल्यक्रिया मात्र निशुल्क गरी विभिन्न चेकजाँचको नाममा हजारौ रुपैया सेवाग्राहीसँग कानूनी व्यवस्था विपरित असुल्दै आएका छन् ।


निःशुल्क सेवा पाउने व्यवस्था हुँदाहुँदै अस्पतालले मापदण्ड विपरित सेवाग्राहीसँग रकम असुल्ने घटनाको चर्को आलोचना र कारवाहीको माग गरिदैछ । गजेन्द्रनारायण सिंह अस्पतालको घटना बारे छानबीन गरी दोषी कर्मचारी तथा अस्पताल प्रशासकको कारवाहीको माग गरिदैछ ।

अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. रञ्जितकुमार झाले घटना बारे आफूलाई प्राप्त प्रारम्भिक जानकारीमा आएको बताए । उनले यस सम्बन्धी छानबीन गरी दोषी कर्मचारीलाई कारवाही गर्ने प्रतिबद्धता जनाए ।

अस्पतालले समेत विज्ञप्ति जारी गरी अस्पतालले आमा र बच्चालाई आवश्यक सम्पूर्ण स्वास्थ्य उपचार, औषधि तथा अन्य सेवा निःशुल्क उपलब्ध गराउने निर्णय गरिएको जनाएको छ । अस्पतालको मूल गेटमै प्रसूति हुनुपर्ने अवस्था सिर्जना हुनु संवेदनशील र गम्भीर विषय भएको भन्दै प्रशासनले घटनाको वास्तविक तथ्य पत्ता लगाउन आन्तरिक छानबिन प्रक्रिया अघि बढाउने जनाएको छ ।

छानबिनबाट कुनै कर्मचारी वा सम्बन्धित पक्ष दोषी देखिए प्रचलित कानुन तथा नियमअनुसार आवश्यक कारबाही गर्ने प्रतिबद्धता अस्पतालले जनाएको छ ।सम्बन्धित निकायबाट बाह्य छानबिन समिति गठन भए त्यसलाई आवश्यक सूचना, कागजात तथा सहयोग उपलब्ध गराउनेसमेत अस्पतालले स्पष्ट पारेको छ ।

यता घटना बारे प्रतिनिधि सभा संसदमा समेत सत्तारुढ दलकै सांसदहरुले समेत विरोधस्वरुप कडा प्रतिक्रिया जनाएको छ ।



## सशस्त्र प्रहरीद्वारा बाढी प्रभावित क्षेत्रका तीन हजार ६०० बढीको स्वास्थ्य उपचार

काठमाण्डु । सशस्त्र प्रहरी बल नेपालले भोटेकोशी बाढी प्रभावित क्षेत्रका तीन हजार ६०० भन्दा बढी नागरिकको स्वास्थ्य उपचार गरेको छ ।

बाढी प्रभावित क्षेत्रमा सशस्त्र प्रहरीले भदौ १० गतेदेखि हेल्थ क्याम्प खडा गरी स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको छ ।

नेपाल एपिएफ अस्पताल बलम्बुबाट खटिएको विशेषज्ञ चिकित्सकसहितको टोलीले बाढी प्रभावित क्षेत्रको विभिन्न ठाउँमा हेल्थ क्याम्प सञ्चालन गर्नाका साथै कारागार तथा होल्डिङ सेन्टरमा रहेका घाइते र बिरामीको उपचार गरेको सशस्त्रका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

सशस्त्र प्रहरीको स्वास्थ्य टोलीले बाढी प्रभावित क्षेत्रमध्ये रसुवाको जिल्ला अस्पताल धुन्चे र टिमुरे, नुवाकोटको आयुर्वेद चिकित्सालय, क्रियापुत्री भवन, केन्द्रीय कारागार नुवाकोट, सेतीदेवी आधारभूत विद्यालय, क्षेत्रपाल आधारभूत विद्यालय, रणभुवनेश्वरी माध्यमिक विद्यालय, नुवाकोट स्वास्थ्य चौकी लगायतका ठाउँहरुमा हेल्थ क्याम्प स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ ।

यस्तै, उक्त बलले धादिङको गल्छी र काठमाडौँको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा समेत भदौ १० गतेदेखि नै हेल्थ क्याम्प खडा गरी सेवा प्रदान गर्दै आइरहेको छ ।

नुवाकोटस्थित केन्द्रीय कारागारभित्र फैलनसक्ने सम्भावित सरुवा रोग तथा स्वास्थ्य समस्यालाई ध्यानमा राखी सशस्त्रको टोलीले विशेष स्वास्थ्य परीक्षण गरेको छ ।

उक्त कारागारमा भदौ १७ गते १८५ जना र २४ गते २१७ जना कैदीबन्दीलाई स्वास्थ्य परीक्षण तथा उपचार सेवा प्रदान गरेको छ ।

बाढी प्रभावित क्षेत्रका विभिन्न ठाउँमा खोज तथा उद्धारको लागि सशस्त्र प्रहरी बल नेपालले चार हजार २०० भन्दा बढी जनशक्ति परिचालन गरेको छ । सशस्त्रको सो टोलीले बाढीमा परेकाको खोज तथा उद्धार, स्वास्थ्य सेवा, आपत्कालीन औषधि उपचार, होल्डिङ सेन्टरको व्यवस्थापन तथा राहत सामग्री वितरणलगायत कार्यमा निरन्तर खटिँदै आएको छ । रासस

# रसुवा बाढीले निम्त्याएको सङ्कट र व्यवस्थापनका प्रयास

रसुवा । यही भदौ १० का बाढी तथा विपद् पछि राहत, उद्धार, बेपत्ता व्यक्तिको पहिचान, स्वास्थ्य, खाद्यान्न आपूर्ति, विद्युत् तथा विद्यालय सञ्चालनलगायतका कार्य व्यवस्थित बनाई अगाडि बढ्ने निर्णय भएको छ । जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले बाढीपछिको सिर्जनात्मक कार्य गर्न विभिन्न १६ वटा निर्णय गरेको जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेको अध्यक्षतामा बसेको समितिको बैठकले यसअघि गरिएका निर्णयको कार्यान्वयन अवस्थाको समीक्षा गर्दै बाढी प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउनेदेखि बेपत्ता व्यक्तिको 'डिएनए' परीक्षणका लागि नमूना सङ्कलन गर्नेसम्मका निर्णय गरेको हो ।

जिल्ला प्रशासन कार्यालय रसुवाले सरोकारवाला निकाय र विश्वस्वास्थ्य सङ्गठन (डब्लुएचओ)का प्रतिनिधि समेतलाई आमन्त्रित राखी विपद् व्यवस्थापनको बैठकले विनाशकारी बाढीका कारण भएको धनजनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उत्पन्न समस्या क्रमशः समाधान गर्दै लाने सहमति भएको छ ।

समितिले गत भदौ १० गते नेपाल-चीन सीमाना नजिक भई बग्ने ल्हेन्दे खोलाबाट भोटेकोशी नदीमा आएको बाढीका कारण हराएका तथा बेपत्ता भएका व्यक्तिका परिवारबाट डिएनए परीक्षणका लागि नमूना सङ्कलनको व्यवस्था मिलाउने निर्णय गरेको छ । यसका लागि रसुवा अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वयमा नमूना सङ्कलन टोली गठन गरी भदौ २५ गतेदेखि जिल्लाका पाँचवटै स्थानीय तहमा समय तालिका बनाएर डिएनए नमूना सङ्कलन अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ ।

त्यसैगरी, रसुवाबाट विपद्का कारण विस्थापित भई काठमाडौँलगायतका विभिन्न आश्रयस्थलमा रहेका व्यक्तिहरूको पनि डिएनए सङ्कलनका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनस╒्या मन्त्रालयमार्फत नेपाल प्रहरी अस्पतालसँग समन्वय गर्न अनुरोध गर्ने निर्णय गरिएको छ ।

बैठकले बागमती प्रदेश स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयका अनुसार आमाछोदिङ्मो, गोसाइँकुण्ड, उत्तरगया र कालिका गाउँपालिकाका बाढी प्रभावित क्षेत्रमा खोप अभियान सञ्चालन गर्ने निर्णय गरेको सहायक प्रजिअ ध्रुवप्रसाद अधिकारीले जानकारी लिनुभयो । हैजाविरुद्धको ओसिभी खोप एक वर्षमाथिका सबै उमेर समूहलाई, दादुरा, रुबेला खोप छ महिनादेखि १५ वर्षसम्मका बालबालिकालाई तथा टिटानस-डिफ्थेरिया (टिडी) खोप उद्धारकर्मी, स्वास्थ्यकर्मी तथा घाइते व्यक्तिलाई लक्षित गरी सञ्चालन गरिने निर्णयमा बताइएको छ । विपद्पछि फैलनसक्ने सरुवा रोगको जोखिमलाई ध्यान दिँदै जिल्ला जनस्वास्थ्य कार्यालयले क्षेत्रगत कार्यक्रम बनाएर कार्यान्वयन गर्ने निर्णय पनि भएको छ ।

बाढीका कारण सम्पर्कविहीन तथा बेपत्ता भएका व्यक्तिको परिवारले आफ्ना धर्म-संस्कृतिअनुसार मृत्यु संस्कार गर्नुपर्ने अवस्थामा लाग्ने खर्च व्यवस्थापनको माग गुनासो



आएकाले रकम व्यवस्थापनका लागि नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार काठमाण्डुसँग अनुरोध गर्ने निर्णय गरिएको छ ।

सडक तथा यातायात सम्पर्क अवरुद्ध भएका कारण खाद्यान्न अभाव भएका क्षेत्रमा एमआई-१७ हेलिकप्टरबाट खाद्यान्न ढुवानी गर्ने निर्णय गरिएको छ । गोसाइँकुण्ड गाउँपालिका-१ थुमन, वडा नं ३ बृद्धिम, वडा नं ४ लाङटाङ तथा क्याङजिन क्षेत्रमा खाद्यान्न पुऱ्याउन र आमाछोदिङ्मो गाउँपालिका-५ थाम्चेतमा तत्काल आवश्यक खाद्यान्न ढुवानी गर्न विश्व खाद्य कार्यक्रमसँग स्थानीय तहको समन्वयमा हेलिकप्टर व्यवस्था गर्न अनुरोध गर्ने निर्णय भएको जनाइएको छ ।

यसैगरी, आमाछोदिङ्मोका विभिन्न वडामा जिल्ला प्रशासन कार्यालयमा मौज्दात रहेको खाद्यान्न नेपाली सेना वा सशस्त्र प्रहरी बलको हेलिकप्टरमार्फत ढुवानी गरी अपुग राहत व्यवस्थापन गर्ने निर्णय भएको छ । हालसम्म प्राप्त स्टोरमा मौज्दात रहेको तथा वितरण गरिएको राहत सामग्रीको विवरणलाई नियमित रूपमा अद्यावधिक गर्न निर्देशन दिइएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट तोकिएका प्रतिनिधिसँग समन्वय गरी राहत प्राप्ति, वितरण तथा स्टोर व्यवस्थापनसम्बन्धी विवरणलाई वस्तुनिष्ठ, विश्वसनीय र अद्यावधिक राख्ने निर्णय भएको बताइएको छ ।

बाढीबाट प्रत्यक्ष प्रभावित परिवारलाई एक चरणको राहत सामग्री उपलब्ध गराइसकिएको अवस्थामा सडक तथा आपूर्ति प्रणाली प्रभावित भई खाद्यान्न अभाव देखिएको भन्दै स्टोरमा सङ्कलित राहत सामग्रीलाई प्रभावित जनस╒्याको अनुपातमा सम्बन्धित गाउँपालिकामा हस्तान्तरण गरी वडा कार्यालयमार्फत वितरण गर्ने निर्णय गरिएको छ । बाढीपछि भदौ १४ गतेदेखि हालसम्म हेलिकप्टर, ड्रोन तथा सवारी साधनमार्फत वितरण गरिएको राहत, खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको विवरण बैठकमा समीक्षा गरिएको छ । हेलिकप्टरमार्फत गोसाइँकुण्ड, उत्तरगया, कालिका र आमाछोदिङ्मोका विभिन्न वडामा राहत तथा खाद्यान्न ढुवानी गरिएको विवरण निर्णयमा समेटिएको प्रजिअ पाण्डेले जानकारी दिनुभयो ।

बाढी प्रभावित विद्यालयहरूमा अस्थायी आश्रयस्थल (होल्डिङ सेन्टर) सञ्चालनमा रहेका कारण पढाइ प्रभावित भएको विषयलाई बैठकले सम्बोधन गरेको छ । सम्बन्धित स्थानीय तहले अस्थायी आश्रयस्थलको व्यवस्थापन वा स्थानान्तरण गरी शिक्षा विकास तथा समन्वय इकाइसँगको समन्वयमा भदौ २५ गतेदेखि विद्यालयहरू नियमित सञ्चालन गर्ने निर्णय भएको छ ।

बाढी प्रभावित क्षेत्रमा क्षतिग्रस्त, जीर्ण तथा अस्थायी र स्थायी आवासस्थलमा धनजनको सुरक्षा सुनिश्चित गर्न सुरक्षा निकायको प्रत्यक्ष निगरानीमा खोज, उद्धार, उत्खनन, सङ्कलन तथा हस्तान्तरणको काम अघि बढाउने बैठकले निष्कर्ष निकालेको रसुवा प्रहरी प्रमुख अशोक थापाले जानकारी दिनुभयो । यस कार्यमा स्थानीय जनप्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिसमेतको रोहवरमा काम गर्ने व्यवस्था मिलाउने समेत सहमति भएको छ ।

रसुवा जिल्ला विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा जिल्लामा खाना पकाउने एलपी ग्यासको आपूर्तिमा समस्या बढेको छ । होटल तथा आवास सबै क्षेत्रमा समस्या बढेको हो । बाढी प्रभावित क्षेत्रका बासिन्दालाई विद्युत् चुलो प्रयोग गराउन १०० युनिट बिजुली निःशुल्क दिनुपर्ने गोसाइँकुण्ड गाउँपालिका अध्यक्ष कैसाङ नुर्पु तामाङको प्रस्तावमा छलफल हुँदा बाध्यात्मक अवस्थालाई मध्यनजर राखी विद्युत् महसुल छुट उपलब्ध गराउन गृह मन्त्रालयमार्फत ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग अनुरोध गर्ने बैठकले निर्णय गरेको बताइएको छ ।

त्यस्तै, जिल्लामा पर्याप्त इन्धन भण्डारण नभएकाले आगामी दिनमा थप समस्या आउन नदिन स्थानीय तहमा मागअनुसार इन्धन ढुवानी गर्ने व्यवस्था मिलाउने र पालिकाले भुक्तानीमा सहजीकरण गर्न निर्णयले मार्फत अनुरोध गरिएको

> **सडक तथा यातायात सम्पर्क अवरुद्ध भएका कारण खाद्यान्न अभाव भएका क्षेत्रमा एमआई-१७ हेलिकप्टरबाट खाद्यान्न ढुवानी गर्ने निर्णय गरिएको छ । गोसाइँकुण्ड गाउँपालिका-१ थुमन, वडा नं ३ बृद्धिम, वडा नं ४ लाङटाङ तथा क्याङजिन क्षेत्रमा खाद्यान्न पुऱ्याउन र आमाछोदिङ्मो गाउँपालिका-५ थाम्चेतमा तत्काल आवश्यक खाद्यान्न ढुवानी गर्न विश्व खाद्य कार्यक्रमसँग स्थानीय तहको समन्वयमा हेलिकप्टर व्यवस्था गर्न अनुरोध गर्ने निर्णय भएको जनाइएको छ ।**

छ । उद्योग वाणिज्य सङ्घ रसुवाको समन्वयमा स्थानीय व्यवसायीमार्फत आवश्यक सामग्री खरिद गर्ने व्यवस्था मिलाउनसमेत बैठकले कार्यदिशा तय गरेको छ ।

गोसाइँकुण्ड गाउँपालिका-४ मा सञ्चालित लाङटाङ माइक्रोहाइड्रोबाट १०० केभी क्षमताको विद्युत् खरिद गरी वडा नं. ३ मा विद्युत् सेवा सञ्चालनका लागि विद्युत् खरिद प्रक्रिया तत्काल अगाडि बढाउन नेपाल विद्युत् प्राधिकरणलाई अनुरोध गरिएको छ ।

बाढीबाट प्रभावित आमाछोदिङ्मो, गोसाइँकुण्ड र उत्तरगया गाउँपालिकाका सडक सम्पर्कविच्छेद भएका विभिन्न वडामा राहत वितरणका लागि हेलिकप्टर आवश्यक रहेको बैठकले जनाएको छ । राहत वितरणलाई थप प्रभावकारी बनाउन दुई वटा डेडिकेटेड हेलिकप्टर उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग अनुरोध गर्ने निर्णय गरिएको छ । रसुवाका बाढी प्रभावित क्षेत्रमा राहत सामग्री पुऱ्याउनुपर्ने आवश्यकता अझै रहेकाले गोसाइँकुण्ड गाउँपालिकाका प्रभावित क्षेत्रमा थप राहत उपलब्ध गराउन प्राधिकरणसँग अनुरोध गर्ने निर्णय भएको छ ।

बाढीपछि सम्पर्कविहीन तथा बेपत्ता भएका व्यक्तिको मृत्यु दर्ता तथा घटना दर्ता प्रक्रियामा समस्या देखिएको र झन्झटिलो प्रक्रियाका कारण बीमा दाबी तथा मृतकको आधिकारिक पहिचानमा समस्या भएकाले वैकल्पिक तथा छिटो माध्यमबाट घटना दर्ताको व्यवस्था गर्न गृह मन्त्रालयसँग बैठकले अनुरोध गरेको छ । बैठकले हालसम्म वितरण गरिएको राहत सामग्रीको विवरणलाई सार्वजनिक गर्ने निर्णय पनि गरेको छ । जिल्ला प्रशासन कार्यालय रसुवाले आफ्नो 'वेबसाइट' तथा 'फेसबुक पेज'मार्फत राहत सामग्री वितरणको विवरण दैनिक रूपमा सार्वजनिक गर्ने निर्णय गरे पनि यसले राहत वितरणमा पारदर्शिता कायम गर्न तथा वास्तविक लाभग्राहीसम्म राहत पुगे-नपुगेको जानकारी लिन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

समितिका निर्णयहरूले रसुवामा बाढीपछि तत्काल राहत तथा खाद्यान्न व्यवस्थापनसँगै बेपत्ता व्यक्तिको पहिचान, स्वास्थ्य जोखिम न्यूनीकरण, विद्यालय सञ्चालन, विद्युत् तथा इन्धन आपूर्ति, आवास सुरक्षा र घटना दर्ताजस्ता विषयलाई समेत प्राथमिकतामा राखेकाले कार्यान्वयन गराउन सहज हुने जनाइएको छ । विशेषगरी डिएनए नमूना सङ्कलन, बेपत्ता व्यक्तिका परिवारलाई मृत्यु संस्कार खर्चको व्यवस्था, राहत वितरणको सार्वजनिक विवरण, विद्यालय पुनःसञ्चालन, विद्युत् महसुलमा छुट र प्रभावित क्षेत्रमा थप हेलिकप्टर परिचालन गर्ने निर्णयलाई बाढीपछिको पुनःस्थापना प्रक्रियाका महत्वपूर्ण निर्णयका रूपमा हेरिएको स्थानीय समाजसेवी साङ्तेम्वा तामाङले जानकारी दिनुभयो ।

यस्तै जिल्ला विपद् ब्यवस्थापन समितिका अनुसार विनासकारी बाढीका कारण भदौ १० गते २४ गतेसम्म चार हजार छ जना बेपत्ता भएको, ३३६ जना होडिङ सेन्टरमा राखिएको, ९० पर्यटकसहित एक हजार ५७० जनालाई उद्धार गरिएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ । मुस्ताङ जिल्लाबाहेक अन्य ७६ जिल्लाका मानिस बगाएका बताइएको छ । शवतर्फ भने १६४ जनाको सङ्कलन भए पनि १० वटाको मात्र सनाखत भएको बताइएको छ ।

बाढीका कारण भौतिक पूर्वाधार झोलुङ्गे पुल १० वटा बेलिब्रिज, छ वटा पक्की पुल, ४१ किमी पक्की तथा कच्ची सडक, एक हजार ५०० निजी घर, एक पेट्रोलपम्प, भाडामा बसेका १४ वटा बैङ्क तथा वित्तीय संस्था, निजी तीन र सरकारी आठसमेत ११ विद्यालय र २८ वटा सरकारी/सार्वजनिक भवनमा क्षति भएको छ ।

नेपाली सेना श्रीनाथ गणका २७, नेपाल प्रहरीका २८, सशस्त्र प्रहरीका १३, सरकारी कर्मचारी ७९, बैङ्क संस्थाका कर्मचारी २६ जना हराएको बताइएको छ । रासस

# भोटेकोशी बाढीका कारण पूर्वाधार क्षेत्रमा एक खर्ब ९० अर्बको क्षति

काठमाण्डु । रसुवाको भोटेकोशी नदीमा यही भदौ १० गते बुधबार बिहान आएको भीषण हिमबाढीका कारण पूर्वाधार क्षेत्रमा मात्रै रु एक खर्ब ९० अर्बको क्षति भएको छ ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'द्रुत क्षति र आवश्यक मूल्याङ्कन' प्रतिवेदनअनुसार बाढीले पारेको क्षतिको पुनःरुत्थानका लागि रु चार खर्ब ७३ अर्ब ५७ करोड लाग्ने अनुमान छ ।

प्रतिवेदनअनुसार ऊर्जा क्षेत्रतर्फ बाढीका कारण कूल ७५९ दशमलप शून्य २५ मेगावाट क्षमताका १३ वटा जलविद्यत् आयेजना प्रभावित भएका छन् । जसमा २४ दशमलव ३६ मेगावाट क्षमताको पाँच वटा सोलार प्लान्टसमेत समावेश छन् । प्रतिवेदनमा बाढीका कारण एउटा सवस्टेसन, तीन वटा ट्रान्समिसन लाइन, एउटा स्विचयार्ड र एउटा वितरण लाइनमा क्षति पुगेको छ । ऊर्जा क्षेत्रमा कूल रु एक खर्ब ५१ अर्ब चार करोड बराबरको क्षति भएको छ । यो क्षेत्रको पुनःरुत्थानका लागि रु तीन खर्ब ९० अर्ब ६२ करोड लाग्ने अनुमान छ ।

घरायसी नवीकरणीय ऊर्जातर्फ पनि ठूलो क्षति पुगेको छ । जसमा २४५० वटा सोलार 'होमसिस्टम', २७४० बायोग्यास प्रणाली, १३ वटा संस्थागत सोलार प्रणाली, ९२ किलोवाटको लघुजलविद्युत्, १८५ 'वाटरमिल्स' र ७९५ वटा खाना पकाउने चुल्होमा क्षति पुगेको छ । घरायसी नवीकरणीय ऊर्जामा रु ५६ करोडको क्षति भएको छ भने यसको पुनःरुत्थानका लागि रु एक



अर्ब ६४ करोड लाग्ने देखिएको छ । बाढीका कारण ६९ किलोमिटर सडकमा क्षति पुगेको अनुमान छ । जसमध्ये ५५ किलोमिटरमा पूर्ण रूपमा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ । साथै पृथ्वीराजमार्गको कृष्णभीर क्षेत्रमा १५० मिटरमा क्षति पुगेको छ । सडक संरचनातर्फ रु २३ अर्ब ४२ करोडको क्षति पुगेको छ । उक्त क्षेत्रको पुनःरुत्थानका लागि रु ५५ अर्ब १८ करोड लाग्ने अनुमान छ ।

बाढीका कारण ३३ वटा मोटरेबल पुल बगेका छन् भने चार वटामा आंशिक क्षति पुगेको छ । त्यस्तै, बाढी प्रभावित क्षेत्रमा रहेका ६४ वटा झोलुङ्गे पुलमध्ये ५३ वटामा क्षति पुगेको छ । तेत्तिस वटा झोलुङ्गे पुलमा पूर्ण क्षति पुगेको छ । पुलमा मात्रै रु ११ अर्ब ३५ करोडको क्षति पुगेको छ भने पुनरुत्थानका लागि रु १८ अर्ब १६ करोड आवश्यक पर्ने देखिएको छ ।

सञ्चार क्षेत्रमा पनि टेलिकमका बिटिएस टावरमा क्षति पुगेको छ । एनसेलमा २७ वटा र नेपाल टेलिकमका ३८ वटा टावर प्रभावित भएका थिए । जसमध्ये अधिकांश सञ्चालनमा आइसकेका छन् । बाढीका कारण १५२ दशमलव तीन किलोमिटर फाइभर केबल र दुई वटा ट्रान्समिसन प्रणाली, एफटिटिएच/आइएसपीमा प्रभाव परेको थियो । यो क्षेत्रमा करिब रु ६३ करोडको क्षति भएको थियो भने पुनःरुत्थानका लागि रु ९४ करोड लाग्ने अनुमान छ ।

त्यसैगरी खानेपानी तथा सरसफाइ क्षेत्रमा रु एक अर्ब ३८ करोड बराबरको क्षति पुगेको छ भने यसको पुनर्निर्माणका लागि रु दुई अर्ब सात करोड लाग्ने अनुमान छ । बाढीका कारण १६ वटा इनार, ९८ वटा इनटेक, १६० वटा ट्याङ्की, ४४३ दशमलव नौ किलोमिटर पाइपलाइन प्रभावित भएका छन् ।रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : कर्मप्राप्तिका लागि गरिएका प्रयास सफल हुनेछन् ।
वृष : अभिभावकको आशीर्वाद मनन गर्नुहोला ।
मिथुन : खर्च बढ्नुका साथै विभिन्न जोखिम आइलाग्ने समय छ ।
कर्कट : साथीभाईको राम्रो सल्लाह र सद्भावना प्राप्त हुनेछ ।
सिंह : अध्ययन-अध्यापनको क्षेत्रमा प्रगति हुनेछ ।
कन्या : अनावश्यक दौडधुप गर्नुपर्नेछ ।
तुला : केही कुरा बोल्नु अगाडि विचार गर्नुहोला ।
वृश्चिक : सुनचाँदी जस्ता धातुको कारोबारबाट लाभ मिल्नेछ ।
धनु : मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ ।
मकर : जग्गा खरिद बिक्रीका लागि तपाईको आजको दिन शुभ हुनेछ ।
कुम्भ: रिसलाई बसमा राख्नु बुद्धिमतापूर्ण हुनेछ ।
मीन: जोखिमपूर्ण चुनौतीको सामना गर्दा तपाईलाई आज शुभ हुने योग छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# राहत बोकेर नेपाल आउँदै गरेका दुई पिकअप बैरगनियामा रोकिए




**टुडे समाचारदाता**

रौतहट । रसुवाको बाढी-पहिरोबाट प्रभावित नागरिकका लागि भारतको पश्चिम बंगालस्थित कोलकाताबाट संकलन गरेर ल्याइएको राहत सामग्री नेपाल-भारत सीमा नाका बैरगनियामा रोकिएको छ। खाद्यान्न तथा अन्य अत्यावश्यक सामग्री बोकेका दुई वटा पिकअप गाडी भन्सारसम्बन्धी प्रक्रिया पूरा हुन नसक्दा भारतीय सीमामै थन्किएका हुन् ।

मानवीय सहयोगका लागि ल्याइएको राहत सामग्रीमा खाद्यान्न, खानेपानी, कपडा, त्रिपाल, टर्चलाइटलगायत विपद्का बेला तत्काल आवश्यक पर्ने सामग्री छन्। डब्लुबी ५ ए २४८९ र डब्लुबी १ ९ एल ९०९१ नम्बरका दुई पिकअपमा सामान राखेर नेपालतर्फ ल्याइएको हो ।

राहत सामग्री लिएर आएका कोलकाताका नागरिक हरिश्चन्द्र साहुका अनुसार नेपाल प्रवेशका लागि आवश्यक भन्सार प्रक्रिया पूरा हुन नसक्दा गाडी बैरगनिया कस्टम कार्यालय आसपास रोकिएका छन् । उनका अनुसार नेपालतर्फ ल्याउन लागिएको खाद्यान्नका लागि खाद्य क्वारेन्टाइन परीक्षण गर्नुपर्ने तथा कपडा र अन्य सामग्रीका लागि भन्सार प्रक्रिया पूरा गरी तोकिएको शुल्क बुझाउनुपर्ने अवस्था देखिएको छ।

मानवीय सहयोगका रूपमा बाढी-पहिरो पीडितका लागि संकलन गरिएको सामग्रीमा समेत सामान्य आयातसरह प्रक्रिया र शुल्क लाग्ने भएपछि समस्या भएको साहुले बताए। राहत सामग्री तत्काल प्रभावित क्षेत्रमा पुर्‍याउने उद्देश्यले ल्याइएको भए पनि आवश्यक स्वीकृति र भन्सार सहजीकरण हुन नसक्दा सीमा क्षेत्रमा रोकिएको उनको भनाइ छ।

गौर नगरपालिकाका नगरप्रमुख शम्भु साहले विपद्को समयमा प्रभावित नागरिकका लागि सहयोगस्वरूप ल्याइएका सामग्रीलाई सामान्य व्यापारिक आयातका रूपमा व्यवहार गर्न नहुने बताएका छन्। उनले वास्तविक रूपमा राहत प्रयोजनका लागि ल्याइएको सामग्रीको पहिचान गरी त्यसलाई आवश्यक कानुनी प्रक्रिया पूरा गराउँदै भन्सार छुट वा सहजीकरणमार्फत तत्काल नेपाल भित्र्याउने व्यवस्था गर्नुपर्ने बताए।

"विपत्तिमा परेका नेपालीका लागि सहयोगस्वरूप ल्याइएको राहतमा सामान्य व्यापारिक सामानजस्तो व्यवहार गर्नु उपयुक्त हुँदैन," नगरप्रमुख साहले भने, "सामग्री वास्तवमै राहतका लागि ल्याइएको हो भन्ने पुष्टि भएपछि राज्यका सम्बन्धित निकायले आवश्यक सहजीकरण गरेर तत्काल प्रवेशको वातावरण बनाउनुपर्छ।"

रोकिएका दुई सवारीमा ३० बोरा चामल, ५० पेटी बिस्कुट, ४० पेटी पानी, दुई पेटी लस्सी, २० बोरा भुजा, दुई बोरा आलु, दुई बोरा नुन, चार बक्स केक, २० किलो आटा, एक बोरा चना, दुई बोरा चुरा, १०० थान टर्चलाइट, आठ थान त्रिपाल तथा चार बक्स कपडा रहेको बताइएको छ।

राहत सामग्री सीमामै रोकिँदा विपद् प्रभावित नागरिकसम्म सहयोग पुग्न ढिलाइ हुने अवस्था बनेको छ। विशेषगरी खाद्यान्न, खानेपानी र तत्काल प्रयोगमा आउने सामग्री लामो समयसम्म सीमामा रोकिँदा राहतको उद्देश्य नै प्रभावित हुन सक्ने भएकाले सम्बन्धित निकायले मानवीय पक्षलाई प्राथमिकतामा राख्नुपर्ने सरोकारवालाको भनाइ छ।

विपद्का बेला देशभित्र वा बाहिरबाट नागरिक तथा विभिन्न संघसंस्थाले सहयोगका रूपमा पठाउने राहत सामग्रीलाई व्यवस्थित र पारदर्शी ढंगले पहिचान गरी आवश्यक कानुनी प्रक्रिया छोटो र सहज बनाउने व्यवस्था आवश्यक देखिएको छ। वास्तविक राहत सामग्री र व्यापारिक प्रयोजनका वस्तु छुट्याएर कानुनी प्रावधानको पालना गर्दै शीघ्र निकास दिन सके मात्र प्रभावित नागरिकले समयमै सहयोग पाउने अवस्था बन्नेछ।

# सांसद काफ्लेलाई पदमुक्त गरिएकोमा जसपा नेपालको आपत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालले पार्टीकी लुम्बिनी प्रदेशसभा सदस्य अम्बिका काफ्लेलाई दल त्यागसम्बन्धी सूचना जारी गरी पदमुक्त गरिएको घटनाप्रति गम्भीर आपत्ति जनाउँदै निर्णय तत्काल सच्याउन लुम्बिनी प्रदेशसभा सचिवालयसँग माग गरेको छ।

जसपा नेपालका महासचिव डा. सुरेन्द्रकुमार झाले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा प्रदेशसभा सचिवालयले २४ भदौमा सूचनामार्फत काफ्लेलाई दल त्यागसम्बन्धी सूचना प्रकाशित गरी पदमुक्त गरेको विषयमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ।

पार्टीले उक्त निर्णय किर्ते तथा नक्कली कागजातलाई आधार बनाएर गरिएको गैरकानुनी, असंवैधानिक र संसदीय अभ्यासको मर्मविपरीत कार्य भएको दाबी गरेको छ।

जसपा नेपालका अनुसार १ भदौमा लुम्बिनी प्रदेशसभा संसदीय दललाई तत्कालीन मुख्यमन्त्री चेतनारायण आचार्यले लिएको विश्वासको मतको विपक्षमा मतदान गर्न स्पष्ट निर्देशन दिएको थियो । तर, उक्त ह्विप उल्लंघन गरी मुख्यमन्त्रीको पक्षमा मतदान गर्ने प्रदेशसभा सदस्यहरू सन्तोषकुमार पाण्डेय, आदेशकुमार अग्रवाल, भण्डारीलाल अहिर र हेमा बेल्वासे केसीमाथि पार्टीले स्पष्टीकरण सोधेको जनाएको छ।






जसपाका अनुसार स्पष्टीकरणको जवाफ चित्तबुझ्दो नभएपछि १६, १७ र १८ भदौमा बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकबाट कारबाही प्रक्रिया अघि बढाइएको थियो । विज्ञप्तिमा उनीहरू चार जनालाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको उल्लेख छ।

तर, अहिले लुम्बिनी प्रदेशसभा सचिवालयबाट अम्बिका काफ्लेलाई दल त्यागसम्बन्धी सूचना जारी गरिएको विषयलाई जसपा नेपालले त्यसै घटनासँग जोडेर आपत्ति जनाएको छ।

जसपा नेपालले प्रदेशसभा सचिवालयमा पेस भएको पत्रमाथि नै गम्भीर प्रश्न उठाएको छ। पार्टीको नाममा सहमहासचिव अजय झाको हस्ताक्षर रहेको भनिएको पत्रलाई आधार बनाएर प्रदेशसभा सचिवालयले निर्णय गरेको आरोप लगाउँदै जसपा नेपालले उक्त पत्रमा प्रयोग भएको लेटरप्याड तथा छापसमेत नक्कली रहेको दाबी गरेको छ।

विज्ञप्तिमा अजय झा पार्टीको साधारण सदस्यसमेत नरहेको अवस्थामा उनको नामबाट प्रस्तुत गरिएको पत्रलाई जसपा नेपालको केन्द्रीय समितिको निर्णयका रूपमा स्वीकार गरी निर्णय गर्नु गम्भीर आपत्तिजनक, गैरकानुनी तथा चुनौतीपूर्ण विषय भएको उल्लेख छ । पार्टीले त्यस्तो पत्रका आधारमा भएको निर्णय तत्काल सच्याउन प्रदेशसभा सचिवालयसमक्ष माग गरेको छ।

जसपा नेपालले घटनालाई प्रदेशसभा सदस्यको पदमुक्तिसँग मात्र सीमित नराखी राजनीतिक स्वार्थका लागि सरकारी तथा संवैधानिक संयन्त्रको दुरुपयोग भएको आरोप लगाएको छ।

विज्ञप्तिमा सत्ता जोगाउने राजनीतिक स्वार्थका लागि किर्ते कागजात प्रयोग गर्नु, गैरकानुनी प्रक्रिया अपनाउनु तथा राज्यका संवैधानिक एवं संसदीय निकायको दुरुपयोग गर्नु लोकतान्त्रिक व्यवस्था, विधिको शासन र स्वच्छ राजनीतिक प्रतिस्पर्धामाथिको गम्भीर प्रहार भएको उल्लेख छ।

जसपा नेपालले लुम्बिनी प्रदेशसभा सचिवालयले सांसद अम्बिका काफ्लेलाई पदमुक्त गर्ने निर्णय तत्काल सच्याउनुपर्ने, घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने तथा किर्ते कागजात तयार गर्ने, प्रयोग गर्ने र त्यसकै आधारमा निर्णय प्रक्रियामा संलग्न हुने व्यक्तिहरूमाथि प्रचलित कानुनबमोजिम आवश्यक कारबाही अघि बढाउन सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराएको छ।

जसपा नेपालका महासचिव डा. सुरेन्द्रकुमार झाद्वारा जारी विज्ञप्तिमा प्रदेशसभा सचिवालयको निर्णय फिर्ता/सच्याउन माग गर्दै आवश्यक कानुनी उपचारमा जाने चेतावनी समेत दिइएको छ।

# ब्राउन सुगरसहित चारजना पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहा प्रहरीले जिल्लाको मिर्चैया नगरपालिका-१२ सिक्रोनमा लागूऔषध ब्राउन सुगरजस्तो देखिने पदार्थसहित चार जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा दीपक सहनीसहित २० वर्षीय सुनिल कापर, २५ वर्षीय सरोज कापर र २२ वर्षीय पप्पु कापर रहेका छन् । उनीहरू सबै मिर्चैया नगरपालिका-१२ सिक्रोनका स्थानीय रहेको प्रहरीले जनाएको छ।

लागूऔषध कारोबार भइरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय मिर्चैया र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले तिनीहरूलाई पक्राउ गरेको जनाइएको छ।

सिक्रोनस्थित नहरमा शंकास्पद अवस्थामा रहेका चार जनालाई नियन्त्रणमा लिएर चेकजाँच गर्दा मिर्चैया-१२ का २४ वर्षीय दीपक सहनीले लगाएको जिन्स पाइन्टको बायाँ खल्तीमा लुकाइराखेको स्टिलको बट्टाबाट ब्राउन सुगरजस्तो देखिने पदार्थ बरामद भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बट्टासहित उक्त पदार्थको तौल १५ ग्राम २२० मिलिग्राम रहेको छ। बट्टाको तौल घटाउँदा पदार्थको तौल ८ ग्राम ५६० मिलिग्राम रहेको प्रहरीले जनाएको छ।

उनीहरूको साथबाट चार थान मोबाइल र २ हजार ५ सय रुपैयाँ नगदसमेत बरामद भएको छ। पक्राउ परेकाहरूलाई इलाका प्रहरी कार्यालय मिर्चैयामा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# वृद्ध बाबुको स्याहार वापत छोरीले बक्सपत्रमा सम्पति पाउन सक्नेछ

**टुडे समाचारदाता**

जनकपुरधाम। वृद्ध अवस्थामा रहेका बाबुको पालनपोषण, हेरचाह र औषधोपचार गर्ने छोरीलाई बाबुले आफ्नो हक पुग्ने सम्पत्तिमध्ये केही जग्गा शेषपछिको बकसपत्र गरिदिँदा अर्को अंशियार छोराको मञ्जुरी लिनैपर्ने कानुनी बाध्यता नरहेको सर्वोच्च अदालतले ठहर गरेको छ।




सर्वोच्चले छोरा भएकै कारण बाबुको सम्पत्तिमा यान्त्रिकरूपमा स्वतः हक स्थापित नहुने भन्दै सम्पत्ति प्राप्तिको अधिकारसँगै सन्तानको सामाजिक तथा पारिवारिक दायित्व पनि जोडिने व्याख्या गरेको छ।

न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र हरिप्रसाद फुयालको संयुक्त इजलासले २०७९ फागुन २३ गते गरेको यो फैसला 'शेषपछिको बकसपत्र लिखत बदर हक कायम' सम्बन्धी मुद्दामा आएको हो। मुद्दामा नवलपरासीका सुदर्शनदेव जोशीले आफ्नी बहिनी सकुन्तला जोशी शर्माले बाबु डोलदेव जोशीबाट पाएको शेषपछिको बकसपत्र बदर हुनुपर्ने माग गरेका थिए । तर सर्वोच्चले पुनरावेदन अदालत बुटवलको फैसला उल्टाउँदै छोरीको नाममा गरिएको बकसपत्र सदर कायम रहने फैसला गरेको हो।

विवादको मूल विषय बाबु डोलदेव जोशीले आफ्नो नाममा रहेको नवलपरासीको करिब ३ बिगाहा ३ कठ्ठा ७ धुर जग्गा छोरी सकुन्तलालाई शेषपछि खान पाउने गरी बकसपत्र गरिदिएको विषय थियो। बकसपत्र २०६३ साल असोज २६ गते र.नं. ३७५५ बाट पारित भएको थियो। छोरा सुदर्शनदेवले भने आफू र बाबुबीच विधिवत् अंशबन्डा नभएको अवस्थामा आफ्नो समेत अंश हक लाग्ने सम्पत्ति आफूलाई जानकारी नदिई र मञ्जुरी नलिई बहिनीलाई दिइएको भन्दै लिखत बदरको माग गरेका थिए।

सुदर्शनदेवको दाबीअनुसार बाबु जीवित रहँदा आफूले नै उनको रेखदेख तथा सेवा-टहल गरेको र बाबुको मृत्युपछि काजकिरियासमेत आफूले गरेको थियो। तर सकुन्तलाले भने बाबुको वृद्धावस्थामा दाजुले हेरचाह नगरेपछि आफूले २०५८ सालदेखि बाबुलाई आफूसँग राखेर स्याहार-सम्भार, औषधोपचार, पालनपोषण र रेखदेख गरेको दाबी गरेकी थिइन्। बाबु आफूले गरेको सेवाबाट खुसी भएर आफ्नो हकको सम्पत्तिबाट बकसपत्र गरिदिएको उनको जिकिर थियो।

मुद्दाको तथ्य विश्लेषण गर्दै सर्वोच्चले सुदर्शनदेवले नै २०५८ सालमा बाबुविरुद्ध अंश मुद्दा दायर गरी २०५८ साल वैशाख १० गतेलाई मानो छुट्टिएको मिति कायम गरी आफ्नो अंश माग गरेको तथ्यलाई महत्वपूर्ण मानेको छ । यसबाट बाबु र छोराबीच एकाघर सगोलको हैसियत अलग गरी छुट्टिने अभिप्राय देखिएको र बाबुको पालनपोषण तथा हेरचाह सुदर्शनदेवले नै गरेको भन्ने दाबी कमजोर हुने सर्वोच्चको निष्कर्ष छ। त्यसपछि डोलदेवको वृद्धावस्थामा छोरी सकुन्तलाले नै पालनपोषण र हेरचाह गरेको तथ्य समर्थित भएको अदालतले जनाएको छ।

सर्वोच्चले आफ्नो हक पुग्ने सम्पत्ति आफूखुसी गर्न पाउने कानुनी सिद्धान्तलाई पनि फैसलाको आधार बनाएको छ । तत्कालीन मुलुकी ऐनको दानबकसको महलको १ नं. तथा अंशबन्डाको महलको १९(१) र १९(४) नं. का व्यवस्थालाई व्याख्या गर्दै अदालतले व्यक्तिले आफ्नो हकको सम्पत्ति दान वा बकस गर्न सक्ने र अर्को अंशियारको हक सुरक्षित रहेको अवस्थामा त्यस्तो बकसपत्र गर्न अर्को अंशियारको मञ्जुरी अनिवार्य नहुने पूर्वनजिरसमेत उल्लेख गरेको छ।

फैसलामा सर्वोच्चले "छोरा भएकै नाताले बाबुको सम्पत्तिमा यान्त्रिक तवरबाट स्वतः हक स्थापित नहुने" महत्वपूर्ण व्याख्या गरेको छ। अदालतका अनुसार सम्पत्ति प्राप्त गर्ने अधिकारसँगै सामाजिक, सांस्कृतिक र धार्मिक दायित्वसमेत जोडिएका हुन्छन् ।

जीवित छँदा बाबुको हेरचाह नगरेको छोराले बाबुको मृत्युपछि काजकिरिया गरेको मात्र आधारमा बाबुको सम्पूर्ण सम्पत्तिमा स्वतः हक दाबी गर्न नमिल्ने सर्वोच्चको ठहर छ । काजकिरिया गर्नु सन्तानको कर्तव्य भए पनि त्यस्तो धार्मिक वा संस्कारजन्य कर्तव्य पूरा गरेकै आधारमा मृतकको सम्पत्तिमाथि स्वतः अधिकार स्थापित नहुने अदालतले स्पष्ट गरेको छ।

यो मुद्दामा सुरुमा नवलपरासी जिल्ला अदालतले डोलदेवले छोरीलाई गरेको शेषपछिको बकसपत्र बदर गर्नुपर्ने अवस्था नरहेको फैसला गरेको थियो। तर त्यसविरुद्ध परेको पुनरावेदनमा पुनरावेदन अदालत बुटवलले जिल्ला अदालतको फैसला उल्टाउँदै बकसपत्रको दुई भागमध्ये एक भाग बदर गरी सुदर्शनदेवको हक कायम गर्ने फैसला गरेको थियो। त्यसपछि सकुन्तला सर्वोच्च अदालत पुगेकी थिइन् । सर्वोच्चले भने पुनरावेदन अदालत बुटवलको फैसला त्रुटिपूर्ण ठहर गर्दै जिल्ला अदालतको निष्कर्षलाई मूलतः कायम गरेको छ । सर्वोच्चका अनुसार डोलदेवले आफ्नो हक पुग्ने सम्पत्तिमध्ये छोरीलाई दिएको बकसपत्रबाट छोराको अंश हकमा प्रतिकूल असर परेको देखिएन । त्यसैले छोराको मञ्जुरी नलिएको कारण मात्रै बकसपत्र बदर गर्न नमिल्ने ठहर गरिएको हो।

फैसलाले वृद्ध अभिभावकको पालनपोषण गर्ने सन्तानको भूमिकालाई समेत न्यायिक मूल्यांकनको विषय बनाएको छ । यस मुद्दामा विवाहित छोरीले आफ्नो बाबुको वृद्धावस्थामा गरेको सेवा, औषधोपचार र हेरचाहलाई अदालतले मुद्दाका समग्र तथ्यसँग जोडेर हेरेको छ। बाबुले आफ्नो इच्छाले, आफ्नो हकमा पर्ने सम्पत्तिबाट छोरीलाई केही सम्पत्ति शेषपछि पाउने गरी दिएको अवस्थामा त्यसलाई मात्र आधार बनाएर बकसपत्र बदर गर्न नमिल्ने सर्वोच्चको निष्कर्ष छ।

अन्ततः सर्वोच्च अदालतले डोलदेव जोशीले छोरी सकुन्तला जोशी शर्मालाई २०६३ असोज २६ गते र.नं. ३७५५ बाट गरिदिएको शेषपछिको बकसपत्र सदर कायम रहने फैसला गरेको छ। साथै छोरा सुदर्शनदेव जोशीको फिराद दाबी नपुग्ने ठहर गरेको छ।

# जनकपुरधामबाट बठैयाधाम आश्रमका किशोर हराए

**टुडे समाचारदाता**



जनकपुरधाम । बाराकोनिजगढस्थित बठैयाधाम आश्रममा बस्दै आएका एक किशोर जनकपुरधामबाट हराएका छन् ।

निजगढ नगरपालिका-९ शान्ति टोल निवासी कृषभ आचार्य बुधबार बिहान आश्रमबाट विद्यालय जान भन्दै निस्किएका थिए । तर उनी विद्यालय नगई जनकपुरधाम आउने बसमा चढेको र जनकपुरधाम आइपुगेपछि सम्पर्कविहीन भएको आश्रमका गुरु आचार्य अभिषेकले बताएका छन् ।

आचार्य अभिषेकका अनुसार प्रत्यक्षदर्शीबाट प्राप्त जानकारीअनुसार कृषभ बिहान करिब ९ बजे आश्रमबाट स्थानीय गौरीशंकर माध्यमिक विद्यालयमा अध्ययन गर्न जाने क्रममा बाहिरिएका थिए । विद्यालयतर्फ नगई उनी जनकपुरधाम आउने बसमा चढेको र त्यसपछि उनको अवस्था अज्ञात रहेको उनले बताए।

कृषभ हराएको विषयमा निजगढस्थित प्रहरी कार्यालय तथा जिल्ला प्रहरी कार्यालय धनुषालाई समेत जानकारी गराइसकिएको आचार्य अभिषेकले बताएका छन्।

उनले कृषभलाई जनकपुरधाम वा अन्य कुनै स्थानमा फेला पार्ने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा जानकारी गराइदिन वा आश्रमका गुरु आचार्य अभिषेकलाई ९७६७८५९११० मा सम्पर्क गरिदिन आग्रह गरेका छन्। परिवार तथा आश्रमले किशोरको खोजीमा सहयोग गरिदिन सबैसँग अनुरोध गरेका छन् ।

## भूमि प्रशासन कार्यालय, गौर, रौतहट

### मोठ श्रेस्ता कायम सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साविक गा.वि.स. पचरुखी वडा नं.-२ हाल दुर्गा भगवती गा.पा. वडा नं.-४ मा वस्ने सामलाल राय यादवको नात्ती कृपा राय यादवको छोरा राम असिस राय यादबले भूमि प्रशासन कार्यालय गौर रौतहटको पारित र.नं.५६४ मिति-२०३९/०५/१० गतेको पारित लिखत बमोजिम जिल्ला रौतहट साविक गा.वि.स.पचरुखी वडा नं.१ख किता नं.२२४ को ज.वि.०-६-१४ जग्गाको मोठ श्रेस्ता कायम गरी पाउँ भनी द.नं.१९३४ मिति-२०८३/०५/१५ गतेको माग निवेदन भै आएकोले सो जग्गाको मोठ भिडान हुँदा राम असिस राय यादवको नाउँमा मोठ खोजतलास गर्दा फेला नपरेको साथै निजको नाउँमा रोक्का नदेखिएको कम्प्युटर अभिलेखमा माग बमोजिमको जग्गा कसैको नाममा फेला नपरेको भनि लेखिआएको साथै दुर्गा भगवाती गा.पा.-४ पचरुखीको चलानी नं.१५० मिति-२०८३/०५/११ गतेको हकभोग सिफारिस समेतले मिति २०८३/०५/१८ गतेको आदेशा बमोजिम उक्त जग्गाहरुको मोठ श्रेस्ता कायम सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए, असर पर्ने भए वा मोठ श्रेस्ता कायम हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम मोठ श्रेस्ता कायम भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | पचरुखी | १ख | २२४ | ०-६-१४ | मोठ श्रेस्ता खोजतलास गर्दा फेला नपरेको साथै राम असिस राय यादवको नाममा रोक्का नदेखिएको। |

न्यायालय में,

## अवर न्यायाधीश प्रथम

**सीतामढ़ी**

**हकियत वाद सं.-२७०/२०२३**

**विमलेश कुमार वो अन्य..............वादी**

**बनाम्**

**दिनेश कुमार वो अन्य..............प्रतिवादी**

### नोटिस

पूनम देवी पति मिथलेश प्रसाद श्रीवास्तव बस स्टैंड जनकपुर धाम, थाना- जनकपुर नेपाल नं.-०७, प्रतिवादी सं.-१०


चूँ वादी द्वारा आपलोगों के विरुद्ध उक्त हकियत वाद दाखिल किया गया है और न्यायालय से आपलोगों के विरूद्ध सम्मन, रजिस्ट्री डाक भेजा गया है। बाबजूद इसके आपलोग हाजीर नहीं हो रहे हैं। इसलिए इस पेपर प्रकाशन के जरिए आपलोगों को अन्तिम बार आगाह किया जाता है कि मुकदमा की अगली तारीख दिनांक २७.१०.२६ को १०.३० बजे पूर्वाह्न अपने स्वयं या अपने अधिवक्ता के साथ उपस्थित होकर जबाव दाखिल करे अन्यथा आपलोगों की अनुपस्थिति में मुकदमा में आगे की कारवाई की जाएगी।

**अवर न्यायाधीश प्रथम**
**सीतामढ़ी।**



जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# लागुऔषध नियन्त्रण गर

भारत बिहार राज्यको मोतिहारी जिल्ला अदालतले लागुऔषध गाँजा तस्करीमा संलग्न रहेको अभियोगमा तीन जनालाई जनही १० वर्ष कैद र एक लाख जरिवानाको फैसला गरेको छ। बिहारको पूर्वी चम्पारण जिल्लाको मोतिहारी जिल्ला अदालतले आफ्नो फैसलामा १० वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिवाना ठहर गरेको छ। दोषीहरुले नगद जम्मा गर्न नसके त्यसबापत थप ६ महिना सजाय काट्नु पर्ने अदालतले प्रष्ट गरेको छ। मोतीहारीको एनडीपीएस अदालत-२ का विशेष न्यायाधीश बृजेश कुमारको इजलासले तीनै जनालाई समान किसिमको दोषी ठहर गर्दै सजाय फैसला गरेको छ। उनीहरु विरुद्ध प्रहरीले लगाएको कयौं धारालाई टेकेर अदालतले सजायको फैसला गरेको छ। २८ किलो गाँजा तस्करीको क्रममा पक्राउ परेकाहरुले प्रयोग गरेको कार जफत भएको छ। १० वर्ष कैद र जनही एक लाख रुपैयाँ जरिवाना भर्नुपर्ने भएको छ। अदालतको फैसलापछि लागुऔषधको कारोबारमा संलग्न भारतीयहरु डराएको हुनुपर्छ। कानुनमा व्यवस्था गरिएको हदैसम्मको सजाय दोषीलाई भएपछि अन्य व्यक्तिले पनि यस प्रकारको अपराधबाट पछि हट्न सक्ने सम्भावना बढेको छ। नेपाल र भारतबीच तस्करहरुले लागुऔषधको तस्करीलाई उच्च प्राथमिकतामा राखेका छन्। भारतबाट लागुऔषधको तस्करी नेपाल तर्फ भारी परिमाणमा भइरहेको छ। नेपालबाट गाँजा र रक्सीको तस्करी भारत तर्फ हुने गरेको छ। नेपालमा लागुऔषधले हजारौँ परिवारलाई प्रभावित गरेको छ। भारतबाट तस्करी भएर आउने लागुऔषध नेपालको राजधानी काठमाण्डु सहित देशका विभिन्न भागहरुमा पुऱ्याइने गरिन्छ। नेपालमा लागुऔषधको तस्करी र सेवनलाई नियन्त्रण गर्न सुरक्षाकर्मीहरुका लागि ठूलो चुनौती बनेको छ। भारतबाट अनेक मार्ग र साधनबाट लागुऔषधको तस्करी हुने गरेको छ। लागुऔषधको तस्करीमा एम्बुलेन्स, पेट्रोलियम पदार्थ ढुवानी गर्ने टैंकर, जीप, कार, मोटरसाइकल, साईकल लगायतका सवारी साधनहरु प्रयोग भइरहेका छन्। केही स्थानमा डुंगाबाट पनि तस्करी हुने गरेको छ। नेपाल र भारतका सुरक्षा अधिकारीहरुबीच हुने बैठकमा लागुऔषध, गाँजा र रक्सीको तस्करीलाई रोक्न पटक पटक प्रतिबद्धता जनाइन्छ। तर त्यो नियन्त्रण हुन सकिरहेको छैन। तथ्यांकहरुको अनुसार लागुऔषधको तस्करी र त्यसमा संलग्न भएका मानिसहरुको संख्या बढ्दो छ। तस्करी नियन्त्रणका लागि भारतमा हालै अदालतले गरेको सजायको फैसला जस्तै कडा कानुन नेपालमा पनि लागु हुनुपर्ने भएको छ। लागुऔषध तस्करी गर्ने र सेवनगर्नेहरु एक पटक पक्राउ पर्दा फेरि त्यो धन्धामा संलग्न रहेको नपाउने गरी कडा कानुन बनाइनु पर्छ। देशको ठूलो जनशक्ति पलायन भैरहेको छ। त्यसमा युवाहरु बढी छन्। देशमा रहने युवाहरु मध्ये लागुऔषध सेवन गर्नेको संख्या उल्लेख्य छ। यसलाई समयमा नियन्त्रण गर्न नसके विकराल समस्या आउन सक्छ।

# लघुवित्तमा दोहोरोपनाः वित्तीय समावेशीकरणको अदृश्य संकट



प्रमोदकुमार घिमिरे

नेपालमा लघुवित्त वित्तीय समावेशीकरणको प्रभावकारी माध्यमका रूपमा स्थापित हुँदै औपचारिक बैंकिङ सेवाबाट वञ्चित न्यून आय भएका परिवार, महिला, साना किसान तथा ग्रामीण उद्यमीलाई वित्तीय पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ। नेपाल राष्ट्र बैंकको नियमनमा सञ्चालित लघुवित्त संस्थाहरूले ऋण, बचत, लघुबीमा, रेमिट्यान्स तथा वित्तीय साक्षरतामार्फत गरिबी न्यूनीकरण, स्वरोजगार प्रवर्द्धन, महिला सशक्तीकरण र स्थानीय आर्थिक गतिविधि विस्तारमा उल्लेखनीय योगदान दिएका छन्। तर तीव्र संस्थागत विस्तारसँगै एउटै ग्राहकमा केन्द्रित प्रतिस्पर्धा, बहु-ऋण तथा सेवा दोहोरोपनाजस्ता संरचनात्मक चुनौतीहरू पनि गम्भीर रूपमा देखा परेका छन्।

एउटै उद्देश्यका लागि विभिन्न संस्थाबाट ऋण लिने, पुरानो ऋण तिर्न नयाँ ऋण लिने तथा सीमित बजारमा संस्थाहरूबीच अस्वस्थ प्रतिस्पर्धा बढ्ने प्रवृत्तिले ग्राहकको ऋणभार, संस्थागत जोखिम र निष्क्रिय कर्जाको सम्भावना वृद्धि गरेको छ। त्यसैले दोहोरोपनाको प्रकृति, मूल कारण, वित्तीय स्थायित्वमा परेको प्रभाव तथा जिम्मेवार ऋण प्रवाह, प्रभावकारी सूचना साझेदारी र संस्थागत समन्वयमार्फत यसको दिगो समाधान खोज्नु आज लघुवित्त क्षेत्रको प्रमुख नीतिगत आवश्यकता बनेको छ।

**लघुवित्तमा दोहोरोपनाको अवधारणाः**

लघुवित्त क्षेत्रमा दोहोरोपनाले एउटै ग्राहक वा एउटै परिवारले विभिन्न लघुवित्त संस्थाबाट एकै समयमा बहु-ऋण (दोहोरो ऋण) प्राप्त गर्ने अवस्थालाई जनाउँछ। व्यवहारमा यो समस्या विभिन्न स्वरूपमा देखा पर्छ। कतिपय अवस्थामा एउटै व्यक्तिले फरक-फरक संस्थामा सदस्यता लिएर ऋण प्राप्त गर्दछ भने कतिपय अवस्थामा परिवारका सदस्यहरूको नाम प्रयोग गरी विभिन्न संस्थाबाट छुट्टाछुट्टै ऋण लिइन्छ। त्यसैगरी, एउटै भौगोलिक क्षेत्रमा आवश्यकताभन्दा धेरै लघुवित्त संस्थाहरूले केन्द्र सञ्चालन गर्दा ग्राहक आकर्षित गर्ने प्रतिस्पर्धाका कारण जोखिम मूल्याङ्कनको प्रक्रिया कमजोर हुने र एउटै ग्राहकमा पटक-पटक ऋण प्रवाह हुने अवस्था सिर्जना हुन्छ। अझ गम्भीर रूपमा, एक संस्थाको ऋण अर्को संस्थाबाट प्राप्त नयाँ ऋणद्वारा चुक्ता गर्ने ऋण चक्रणको अभ्यासले वास्तविक उत्पादनशील लगानीभन्दा ऋणको चक्रलाई निरन्तरता दिने प्रवृत्ति बढाउँछ। यसले ग्राहकको आर्थिक अवस्था सुधार गर्नुको सट्टा ऋणको दुष्चक्रमा फसाउने जोखिम बढाउँछ।

**नेपालमा दोहोरोपनाको वर्तमान अवस्थाः**

नेपालमा लघुवित्त क्षेत्रको तीव्र विस्तारसँगै एउटै ग्राहकले तीन, चार वा पाँचभन्दा बढी संस्थाबाट ऋण लिएको अवस्था विभिन्न अध्ययन तथा नियामकीय प्रतिवेदनहरूमा उल्लेख गरिएको छ। विशेषगरी मधेश प्रदेश, लुम्बिनी प्रदेश तथा तराईका सुगम जिल्लाहरूमा लघुवित्त संस्थाहरूको अत्यधिक सघन उपस्थितिका कारण यस्तो समस्या अझ बढी देखिएको छ। धेरै महिलाहरू विभिन्न संस्थाका समूहहरूमा एकैसाथ आबद्ध हुने, एउटा संस्थाबाट प्राप्त ऋण अर्को संस्थाको किस्ता भुक्तानीमा प्रयोग गर्ने तथा आयआर्जनभन्दा उपभोगमुखी प्रयोजनमा ऋण खर्च गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। परिणामस्वरूप लघुवित्तको मूल उद्देश्य उत्पादनशील लगानीमार्फत आय वृद्धि गर्नु भएपनि व्यवहारमा ऋण पुनः ऋणद्वारा व्यवस्थापन गर्ने संस्कृतिले वित्तीय अनुशासन कमजोर बनाउँदै गएको छ।

**दोहोरोपनाका प्रमुख कारणहरूको विश्लेषणः**

नेपालमा लघुवित्त क्षेत्रमा दोहोरोपनाको समस्या कुनै एउटै कारणबाट उत्पन्न भएको होइन; यो नियामकीय, संस्थागत, सामाजिक तथा आर्थिक कारणहरूको संयुक्त परिणाम हो। सबैभन्दा पहिले, लघुवित्त संस्थाहरूबीच बढ्दो प्रतिस्पर्धाले ग्राहक संख्या र ऋण विस्तारलाई प्राथमिकता दिएको देखिन्छ। संस्थागत लक्ष्य पूरा गर्ने दबाबका कारण कतिपय अवस्थामा ग्राहकको वास्तविक आय, व्यवसाय, भुक्तानी क्षमता तथा अन्य संस्थाबाट लिएको ऋणको पर्याप्त मूल्याङ्कन नगरी ऋण प्रवाह गरिएको पाइन्छ।

यसका अतिरिक्त, नेपालमा ऋण सूचना प्रणालीको विकास भए पनि सबै लघुवित्त संस्थाहरूबीच वास्तविक समयमा सम्पूर्ण ऋण विवरण आदानप्रदान हुने व्यवस्था अझ पूर्ण रूपमा प्रभावकारी बन्न सकेको छैन। यसले एउटै ग्राहकलाई विभिन्न संस्थाबाट समानान्तर रूपमा ऋण प्राप्त गर्न सहज बनाएको छ। शाखा तहमा सीमित जनशक्ति, कमजोर अनुगमन प्रणाली तथा ग्राहकको आर्थिक गतिविधिको नियमित मूल्याङ्कन नहुनुले पनि जोखिम बढाएको छ।

ग्राहक पक्षबाट हेर्दा वित्तीय साक्षरताको कमी अर्को महत्वपूर्ण कारण हो। धेरै ऋणीहरूले ऋणको सही उपयोग, व्यवसाय योजना, नगद प्रवाह व्यवस्थापन तथा अत्यधिक ऋणको जोखिमबारे पर्याप्त जानकारी नपाउँदा अल्पकालीन आवश्यकता पूरा गर्न निरन्तर नयाँ ऋण लिने प्रवृत्ति अपनाउँछन्। गरिबी, बेरोजगारी, कृषि आयको अनिश्चितता, स्वास्थ्य तथा शिक्षाजस्ता आकस्मिक खर्च र सामाजिक-सांस्कृतिक दायित्वहरू पूरा गर्नुपर्ने बाध्यताले पनि बहु-ऋण लिन प्रेरित गरेको देखिन्छ। अझ ऋण उत्पादनशील क्षेत्रमा लगानी नगरी विवाह, चाडपर्व, घर निर्माण वा दैनिक उपभोगमा प्रयोग गरिँदा अपेक्षित आम्दानी वृद्धि नहुने र पुनः नयाँ ऋण लिनुपर्ने अवस्था सिर्जना हुन्छ।

**दोहोरोपनाको आर्थिक तथा वित्तीय प्रभावः**

लघुवित्तमा दोहोरोपनाले सर्वप्रथम ऋणीको वित्तीय क्षमतामाथि प्रत्यक्ष असर पार्दछ। एउटै समयमा धेरै संस्थाबाट ऋण लिँदा मासिक किस्ता, ब्याज तथा सेवा शुल्कको भार उल्लेखनीय रूपमा बढ्छ। आम्दानीको तुलनामा ऋण दायित्व अत्यधिक भएपछि ऋणी नयाँ ऋण लिएर पुरानो ऋण चुक्ता गर्ने चक्रमा प्रवेश गर्छ, जसलाई वित्तीय साहित्यमा ऋणको दुष्चक्र भनिन्छ। यस्तो अवस्थाले परिवारको बचत क्षमता घटाउँछ, सम्पत्ति सञ्चयमा अवरोध पुऱ्याउँछ तथा दीर्घकालीन आर्थिक असुरक्षा बढाउँछ।

संस्थागत दृष्टिकोणबाट हेर्दा बहु-ऋणका कारण खराब ऋणको सम्भावना बढ्छ, ऋण असुली दर कमजोर बन्छ, तरलता व्यवस्थापनमा चुनौती उत्पन्न हुन्छ र संस्थाको नाफा तथा पूँजी सुरक्षामा प्रतिकूल प्रभाव पर्छ। यदि यस्तो अवस्था व्यापक रूपमा फैलियो भने सम्पूर्ण लघुवित्त प्रणालीप्रतिको जनविश्वासमा कमी आउन सक्छ र वित्तीय स्थायित्वसमेत प्रभावित हुन सक्छ।

> नेपालको लघुवित्त क्षेत्रले वित्तीय समावेशीकरण, महिला सशक्तीकरण, स्वरोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको भए पनि बहु-ऋण (दोहोरो ऋण) को बढ्दो प्रवृत्तिले यसको दिगोपनामाथि गम्भीर चुनौती सिर्जना गरेको छ। यो समस्या केवल ग्राहकको व्यवहारको परिणाम नभई संस्थागत प्रतिस्पर्धा, कमजोर जोखिम मूल्याङ्कन, अपर्याप्त सूचना प्रणाली, सीमित वित्तीय साक्षरता तथा सामाजिक-आर्थिक अवस्थासँग पनि सम्बन्धित छ। त्यसैले ग्राहकको आय, नगद प्रवाह, व्यवसायको सम्भाव्यता र भुक्तानी क्षमताको समुचित विश्लेषणपछि मात्र जिम्मेवार ऋण प्रवाह सुनिश्चित गर्नुपर्छ।

**सामाजिक तथा महिला सशक्तीकरणमा प्रभावः**

सामान्यतया लघुवित्तको प्रमुख लक्षित वर्ग महिला भएकाले दोहोरोपनाको असर महिलामाथि अझ बढी पर्ने गरेको देखिन्छ। प्रारम्भिक चरणमा लघुवित्तले महिलालाई आर्थिक निर्णयमा सहभागी गराउने, आयआर्जनका अवसर सिर्जना गर्ने तथा सामाजिक हैसियत अभिवृद्धि गर्ने भूमिका खेले पनि अत्यधिक ऋणभारले उनीहरूमाथि थप मानसिक, सामाजिक तथा आर्थिक दबाब सिर्जना गर्दछ। समूह बैठकमा किस्ता भुक्तानीको दबाब, परिवारभित्र उत्पन्न हुने विवाद, सामाजिक प्रतिष्ठामा आउने असर तथा ऋण चुक्ता गर्न नसक्दा हुने अपमानजनक अवस्थाले महिला सशक्तीकरणको मूल उद्देश्य नै कमजोर बन्न सक्छ। कतिपय अवस्थामा ऋण तिर्न सम्पत्ति बिक्री गर्नुपर्ने, वैदेशिक रोजगारीमा जानुपर्ने वा परिवार विस्थापित हुने अवस्थासमेत देखिन सक्छ।

**नेपालको नियामकीय प्रयास तथा अनुसन्धानात्मक विश्लेषणः**

नेपाल राष्ट्र बैंकले पछिल्ला वर्षहरूमा जिम्मेवार ऋण प्रवाह, जोखिममा आधारित सुपरिवेक्षण, ऋण सूचना प्रणालीको सुदृढीकरण तथा संस्थाहरूबीच सूचना आदानप्रदानलाई प्रभावकारी बनाउने उद्देश्यले विभिन्न नीतिगत व्यवस्था लागू गरेको छ। यद्यपि यी प्रयासहरू पूर्ण रूपमा प्रभावकारी हुन अझै बाँकी रहेको देखिन्छ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययनहरूले बहु-ऋण भएका ग्राहकहरूको व्यवसायिक आम्दानी अपेक्षित रूपमा नबढेको, ऋणको उल्लेखनीय हिस्सा उपभोग खर्चमा प्रयोग भएको, किस्ता भुक्तानीमा ढिलाइ हुने सम्भावना बढी रहेको तथा संस्थाहरूबीचको अत्यधिक प्रतिस्पर्धाले गुणस्तरभन्दा ऋण विस्तारलाई प्राथमिकता दिएको निष्कर्ष प्रस्तुत गरेका छन्। यसले समस्या केवल ग्राहकको व्यवहारमा मात्र सीमित नभई संस्थागत नीति, नियमन र सञ्चालन प्रणालीसँग समेत गहिरो रूपमा सम्बन्धित रहेको स्पष्ट पार्छ।

**अन्तर्राष्ट्रिय अनुभव र नेपालको लागि सिकाइः**

भारत, बङ्गलादेश, कम्बोडिया तथा श्रीलंकाजस्ता मुलुकहरूले पनि बहु-ऋणको समस्या भोगिसकेका छन्। विशेषगरी भारतको आन्ध्र प्रदेशमा अत्यधिक लघुवित्त विस्तार र अनियन्त्रित बहु-ऋणका कारण उत्पन्न भएको वित्तीय संकटले जिम्मेवार ऋण नीति, अनिवार्य क्रेडिट ब्युरो, ग्राहकको ऋण सीमा निर्धारण तथा संस्थागत समन्वयको महत्वलाई स्पष्ट रूपमा स्थापित गरेको थियो। यी अनुभवहरूले नेपालको लघुवित्त क्षेत्रलाई समयमै प्रभावकारी नियमन, प्रविधिमा आधारित सूचना प्रणाली तथा उत्तरदायी ऋण व्यवस्थापनको अभ्यास विकास गर्न प्रेरणा प्रदान गर्दछन्।

**समाधानका सम्भावित उपायहरूः**

दोहोरोपनाको दीर्घकालीन समाधानका लागि नियामक निकाय, लघुवित्त संस्था, स्थानीय सरकार तथा ग्राहकबीच समन्वित प्रयास आवश्यक छ। सबैभन्दा पहिले सबै लघुवित्त संस्थालाई आबद्ध गर्ने रियल-टाईममा सञ्चालन हुने एकीकृत ऋण सूचना प्रणाली विकास गरिनुपर्छ। ग्राहकको सम्पूर्ण ऋण विवरण तत्काल उपलब्ध हुने व्यवस्था भएमा बहु-ऋण नियन्त्रण गर्न सहज हुनेछ। त्यसैगरी वित्तीय साक्षरता कार्यक्रमलाई नियमित, व्यवहारमुखी र समुदायमा आधारित बनाउँदै ऋणको उचित उपयोग, व्यवसाय योजना, बचत संस्कार तथा जोखिम व्यवस्थापनबारे व्यापक सचेतना अभिवृद्धि गर्न आवश्यक छ।

नेपालको लघुवित्त क्षेत्रले वित्तीय समावेशीकरण, महिला सशक्तीकरण, स्वरोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको भए पनि बहु-ऋण (दोहोरो ऋण) को बढ्दो प्रवृत्तिले यसको दिगोपनामाथि गम्भीर चुनौती सिर्जना गरेको छ। यो समस्या केवल ग्राहकको व्यवहारको परिणाम नभई संस्थागत प्रतिस्पर्धा, कमजोर जोखिम मूल्याङ्कन, अपर्याप्त सूचना प्रणाली, सीमित वित्तीय साक्षरता तथा सामाजिक-आर्थिक अवस्थासँग पनि सम्बन्धित छ। त्यसैले ग्राहकको आय, नगद प्रवाह, व्यवसायको सम्भाव्यता र भुक्तानी क्षमताको समुचित विश्लेषणपछि मात्र जिम्मेवार ऋण प्रवाह सुनिश्चित गर्नुपर्छ। साथै, डिजिटल ग्राहक पहिचान, बायोमेट्रिक प्रमाणीकरण, एकीकृत ऋण सूचना प्रणाली तथा संस्थाबीच प्रभावकारी समन्वयले दोहोरो ऋण नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। नेपाल राष्ट्र बैंकले जोखिममा आधारित सुपरिवेक्षण, प्रभावकारी निरीक्षण र कडा नियामकीय व्यवस्था लागू गरेमा लघुवित्त प्रणाली अझ पारदर्शी, उत्तरदायी र दिगो बन्नेछ। यस्ता सुधारमार्फत मात्र लघुवित्तको मूल उद्देश्यलाई दीर्घकालसम्म सुरक्षित राख्दै समावेशी आर्थिक विकासमा यसको प्रभावकारी योगदान सुनिश्चित गर्न सकिन्छ।

# किन आयो नेपालमा विनाशकारी बाढी पहिरो ?



बखतियार अलि

नेपालको रसुवा जिल्लामा २६ अगस्त २०२६ मा आएको विनाशकारी बाढीले गर्दा ठुलो जनधनको क्षति भएको छ। वास्तवमा भन्नु पर्दा ग्लोबल वार्मिग र जलवायु परिवर्तन (Climate Change) को कारणले नेपालमा ठुलो बाढी आएको हो। यो बाढीले गर्दा खर्बो रुपैया बराबरको भौतिक संरचना नष्ट भएको छ। हजारौंको संख्यामा नेपाली नागरिकले घातक बाढीको चपेटमा परि आफनो ज्यान गुमाउनु परेको छ, भने हजारौको संख्यामा वेपता छन। एउटा यस्तो गल्ती जुन गल्ती नेपाली जनताले गरेकै छैन। अरुले गरेका गल्तीका कारण नेपालको तिन जिल्ला तहसनहस भएको अवस्था छ। जल तथा मौसम विज्ञानको बारेमा अध्यण गर्ने संस्था ऋषयम का वैज्ञानिकहरुको भनाई अनुसार २६ अगस्तमा आएको विनाशकारी बाढीपहिरो अत्यधिक वर्षाका कारण आएको थिएन। (ICE ROCK AVALANCHE GLACIER COLLAPSE) वर्फको ठुलो ढुगां खिस्किएर टुटनाले विनाशकारी बाढी आएको वैज्ञानिकहरुको भनाई छ। मुख्यतह जलवायु परिवर्तनका कारण दिनानुदिन बढदै गएको गर्मी तापमानमा वृद्धिले गर्दा वर्फ पगलिएर नेपालमा बाढी पहिरोको जोखिम बढदै गएको देखिन्छ। खास गरेर नेपालको हिमालय क्षेत्रमा वैश्विक औसत भन्दा दुईगुना बढि औसतले तापमान बढि रहेको छ। जसले गर्दा धैरै पुरानो वर्फको चटटानहरु (Permafrost) पिघलेर पहाड मुनि खस्न थालेको छ। उच्च तापमानका कारण वर्फको पहाडहरु पानीको रुपमा तल झर्न थालेपछि। विश्व स्तरमा जलवायु Clmate Justice अनुसार लाँस एंड डैमेज फंडीयकक and Damage Fund दिने निर्णय भएपनि सम्बन्धित देशलाई आर्थिक सहायता दिन अझ पनि ढिला सुस्ती र आनाकानी भईरहेको अवस्था छन। Loss and Damage Fund दिने र यसको कार्यान्वयनमा कार्बन उत्सर्जन गर्ने ठुलो देशहरुले कुनै ठोस कदम चालेको देखिदैन। प्रधानमन्त्री बालेन्द्र साह बालेनले अन्तराष्ट्रिय मंचमा आफनो कुरा जोडदार हिसाबले उठाउनु भएको छ।नेपाललाई भिख, दान वा सहायता चाहिएको छैन। जलवायु परिवर्तन (Climate Change) को कारण नेपालले व्यहोर्नु परेको जनधनको ठुलो क्षतिमा अन्तराष्ट्रिय स्तरबाट भर्पाइ (Compensation) दिनलाई सम्बन्धित सबैलाई गुहार लगाउनु भएको छ। नेपालमा आएको ठुलो विपत नेपालीहरुको गलतीले होईन कार्बन उत्सर्जन गर्ने ठुलो देशहरुका लापरवाहीले भएको प्रधानमन्त्री साहको भनाई छ। नेपालमा आएको ठुलो विपत विनाशकारी बाढी (ICE ROCK AVALANCHE GLACIER COLLAPSE) वर्फको ठुलो ढुगां खिस्किएर टुटनाले विनाशकारी बाढी आएको वैज्ञानिकहरुको स्पष्ट भनाई छ। यसको जिम्मेवार को हुन ? यो प्रश्न हामि सबैको मनमा आउन सकछन। नेपाल सरकार तथा विश्वका पर्यावरण विज्ञहरुका अनुसार विश्वका ठुलो औधोगिक र अधिक प्रदुषण उत्सर्जन गर्ने ठुलो देशहरु प्रमुखतह यसको जिम्मेवार रहेका छन। वैश्विक स्तरमा ग्रीणहाउस गैस उत्सर्जन गर्ने देशहरुमा सबै भन्दा कम ०.०५ प्रतिशत गैस उत्सर्जन गर्ने नेपाल रहेको छ। नेपालले कार्बन उत्सर्जन ०.०५ प्रतिशत गरेपनि भौगोलिक हिसाबले ग्लोबल वार्मिगको उच्च जोखिममा रहेका छन। चीन, संयुक्त राज्य अमेरिका र भारत जस्ता ठुलो देशले कार्बन उत्सर्जन सबै भन्दा बढि गर्ने गरेको अन्तराष्ट्रिय स्तरका जलवायु सम्बन्धी अनुसंन्धान गर्ने बैज्ञानिकहरुको भनाई छ। नेपालको प्रधानमन्त्री बालेन्द्र साह बालेनले भनेको छ।कानुनी र नैतिक रुपमा Legal and Moral Liability अन्तरगत कार्बन बढि उत्सर्जन गर्ने देशले नेपालमा आएको विनाशकारी बाढीबाट रसुवामा भएको जनधनको क्षतिको सम्पुर्ण जिम्मेवारी लिएर क्षतिपुर्ती दिनुपर्ने प्रधानमन्त्री बालेन साहले अन्तराष्ट्रिय समुदाय संग जोडदार माग गर्नु भएको छ। प्रधानमन्त्री साहको यो राम्रो कदमलाई सम्पुर्ण नेपाली जनताले स्वागत गरेको छ। असोज महिनामा प्रधानमन्त्री साह संयुक्त राष्ट्र संघको सभामा सहभागि हुने कार्यक्रम रहेको छ। देशका प्रधानमन्त्री साहले निश्चित रुपमा संयुक्त राष्ट्र संघको महासभामा यो कुरालाई प्राथमिकताका साथ अन्तराष्ट्रिय मंचमा राख्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दुईवटा शक्तिशाली राष्ट्रहरुको बिचमा रहेको नेपालले पछिल्लो विपत्तिलाई केवल राहत, उद्धार र पुनर्निर्माणको सीमित घेरा भित्र राखेर हेर्नु हाम्रो अर्को ठूलो भूल हुनेछ। रसुवा देखि हिमाली भूभाग सम्म देखिएको विनाशले नेपाल आफैंले जलवायु संकट सिर्जना नगरे पनि त्यसको मूल्य कति ठूलो रूपमा चुकाइरहेको अवस्थालाई आफुसंग मात्र सिमित नराखी अन्तराष्ट्रिय जगतलाई अवगत गराउनुको अर्को बिकल्प छैन। विश्वले नेपालको दुःख देख्यो कि देखेन भन्ने होइन उब्जिएको अवस्थामा आफ्नो दुःखलाई विश्वको नीति, न्याय र जवाफदेहिताको एजेन्डामा बदल्न सक्नु पर्ने कार्यलाई अगाडी बढाउनु पर्छ। वर्षौं देखि अन्तर्राष्ट्रिय मञ्चमा 'हामी पीडित हौं, सहयोग गर' भन्ने भाषामा आफ्नो कुरा राख्दै आएका छौं। अब त्यो भाष्य बदलिनु पर्छ। नेपालले तथ्य, विज्ञान र आफ्नै अनुभवका आधारमा भन्न सक्नुपर्छ–हिमालको संकट नेपालको मात्र संकट होइन; यसले दक्षिण एसियाको पानी, खाद्य र ऊर्जा सुरक्षालाई समेत प्रभावित गर्नेमा दुईमत छैन। त्यसैले आगामी संयुक्त राष्ट्रसंघ महासभा र कोप-३१ जस्ता मञ्चमा नेपालले सहानुभूति होइन, जलवायु न्याय, वित्तीय प्रतिबद्धता, प्रविधि हस्तान्तरण र हिमाली जोखिमका लागि ठोस अन्तर्राष्ट्रिय सहकार्यको कुरामा प्रधानमन्त्री साहले आवाज बुलंन्द गर्नुपर्छ। विश्व मञ्चमा आवाज ठूलो बनाउनु अघि घरभित्रको तयारी पनि त्यत्तिकै बलियो बनाउनु जरुरी छ। वैज्ञानिक तथ्यांक, क्षतिको वास्तविक मूल्यांकन, जोखिमको नक्साङ्कन, सुरक्षित पूर्वाधार र विपद् पूर्वतयारी बारे राज्यले स्पष्ट योजना तर्जुमा गर्नुपर्छ। अन्तर्राष्ट्रिय समुदायसँग जवाफ माग्ने नैतिक शक्ति त्यतिबेला अझ बलियो हुन्छ, जब हामी आफ्नै विकास प्रणाली र राज्य संयन्त्रका कमजोरी माथि पनि इमानदार भएर प्रश्न गर्न तयार हुन्छौं।ग्राउन्ड जिरोमा देखिएको विनाशलाई विश्व मञ्च सम्म पुऱ्याउनु मात्र पर्याप्त छैन; त्यसलाई नीतिगत परिवर्तनमा बदल्न सक्नु नै नेपालको वास्तविक कूटनीतिक सफलता हुनेमा दुईमत छैन।



तेसैले वर्तमान सरकारले पहिला आफनो घर मजबुत बनाएर आफनो कमि कमजोरीलाई समेत घटाउदै एउटा विकसित राष्ट्रको अवधारणा चित्रित गरेर अगाडी बढनु पर्छ। अनि मात्र समृद्ध नेपाल र सुखि नेपालीको सपना साकार हुन सकछ।

# पार्टी एकताका लागि नरम हुन तयार छुः सभापति थापा




वालिङ । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टी एकताका लागि आफू अझै नरम हुन तयार रहेको बताउनुभएको छ । कांग्रेस स्याङ्जाले पार्टीका वरिष्ठ नेता तथा पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठको ४५ दिनको पूण्यतिथिमा आज आयोजित शोक सभालाई सम्बोधन गर्दै उहाँले पार्टीलाई मजबुत बनाउनका लागि सभापतिको हैसियतले जिम्मेवारपूर्वक अगाडि बढ्ने बताउनुभयो ।

"पार्टीलाई एकताबद्ध गर्नका लागि नरम हुन तयार छु", उहाँले भन्नुभयो, "नरम पनि छु र पार्टीभित्र भएका कमी कमजोरीहरूलाई हटाएर निर्मम पनि भएर अगाडि बढ्नुपर्ने छ, त्यो सजिलो छैन र पनि पार्टी हितका सन्दर्भमा निर्मम भएर लाग्छु ।" पार्टीलाई एकढिक्का बनाएर लैजानुपर्ने जिम्मेवारीलाई बुझेर सोहीअनुसार अगाडि बढ्नकालागि लागि पर्ने उहाँले बताउनुभयो ।

देशमा आइपरेका जटिल समयहरूमा कांग्रेस जिम्मेवार भएर समस्या समाधान गर्दै आइरहेको बताउँदै उहाँले नागरिकमाझ विश्वास र भरोसा जगाउने बताउनुभयो । स्व श्रेष्ठले पार्टीलाई मजबुत बनाउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको उहाँको भनाइ थियो ।

विपद्को समय सरकारको टिप्पणी गर्ने उपयुक्त समय नभएको सभापति थापाको भनाइ छ । शोकसभामा महामन्त्री प्रदीप पौडेल, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्मालगायतका वक्ताहरूले स्व श्रेष्ठले पार्टीप्रति खेलेको भूमिकाको चर्चा गर्नुभएको थियो । रासस


# जलवायु परिवर्तनको असमान भार नेपालले थेग्न सक्दैनः सभामुख अर्याल

काठमाण्डु । सभामुख डोलप्रसाद अर्यालले जलवायु परिवर्तनमा नेपालको योगदान नगण्य भए पनि त्यसको गम्भीर असर नेपाली नागरिकले भोग्नुपरिरहेको बताउनुभएको छ ।

दक्षिण एसिया वन्यजन्तु कानुन कार्यान्वयन सञ्जालको प्रथम महासभालाई बिहीबार ललितपुरमा सम्बोधन गर्दै सभामुख अर्यालले यही भदौ १० गतेको रसुवागढी बाढीमा हजारौँ नागरिकले ज्यान गुमाएका, हजारौँ बेपत्ता भएका र हजारौँ नागरिक घरबारविहीन भएका उल्लेख गर्दै विपत्तिका कारण अर्बौंको सम्पत्ति नष्ट हुनाका साथै ठूलो संख्यामा वन्यजन्तुमा समेत असर परेको बताउनुभयो ।

"यो महाविपत्तिको मूल कारण हामी नेपाली नभई विश्वव्यापी जलवायु परिवर्तन हो भन्ने कुरामा दुईमत छैन । विपत्तिमा ज्यान गुमाउनुभएका ती निर्दोष नागरिक कुनै पनि रूपमा कारक थिएनन्", उहाँले भन्नुभयो, "आफ्नो कुनै गल्ती नभए पनि जलवायु परिवर्तनको असर खेप्न बाध्य नागरिकप्रति विश्व समुदाय गम्भीर बन्नुपर्छ । जलवायु न्यायका विषयमा ती समुदायले गम्भीरतापूर्वक चिन्तन गर्नुपर्ने समय आएको छ ।"

सभामुख अर्यालले जलवायु परिवर्तनको असमान भार थेग्न अब नेपाल बाध्य हुन नसक्ने भएकाले नेपाली नागरिकले जलवायु न्याय पाउनु अत्यावश्यक भएकामा जोड दिनुभयो । यो अवैध वन्यजन्तु व्यापार वन तथा वन्यजन्तु संरक्षणसँग मात्र सम्बन्धित विषय नभई प्राकृतिक सम्पदा, कानुनको शासन, सार्वजनिक संस्था, अर्थतन्त्र र स्थानीय समुदायको जीविकोपार्जनसँग समेत जोडिएको उहाँले बताउनुभयो ।



वन्यजन्तु अपराध नियन्त्रणका लागि बलियो कानुनसँगै सक्षम संस्था, पर्याप्त स्रोतसाधन, दक्ष जनशक्ति तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको सभामुख अर्यालले बताउनुभयो । अपराधको स्वरूप र प्रविधि परिवर्तन हुँदै गएकाले कानुनी तथा संस्थागत संयन्त्रलाई पनि समयानुकूल सुदृढ बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

अपराधले राष्ट्रिय सीमा पार गर्ने भएकाले क्षेत्रीय सहकार्य अझ महत्वपूर्ण हुने उल्लेख गर्दै सभामुख अर्यालले सदस्य राष्ट्रका अनुसन्धान तथा अभियोजन निकायबीच सूचना आदानप्रदान, प्रत्यक्ष सम्पर्क र विश्वासको वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले दक्षिण एसिया प्राकृतिक सम्पदा र जैविक विविधताले सम्पन्न क्षेत्र भएकाले यसको संरक्षण साझा जिम्मेवारी भएको बताउनुभयो ।

सभामुख अर्यालले महासभाबाट हुने निर्णयले सदस्य राष्ट्रबीचको सहकार्यलाई थप सुदृढ बनाउनाका साथै राष्ट्रिय संस्थाको क्षमता अभिवृद्धि र वन्यजन्तुको प्रभावकारी संरक्षणमा योगदान पुऱ्याउनुपर्ने बताउनुभयो । प्राकृतिक सम्पदा भावी पुस्ताका लागि संरक्षण गर्ने जिम्मेवारी सबैको भएको उल्लेख गर्दै उहाँले महासभाको सार्थक छलफल र महत्वपूर्ण उपलब्धिका लागि शुभकामनासमेत दिनुभयो । रासस

# प्रतिनिधिसभाः भोटेकोशी बाढी, ग्यास अभावलगायत विषयमा छलफल

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले भोटेकोशी बाढीपछि सिर्जित विपद्मा प्रभावकारी रूपमा खोज, उद्धार र राहतका काम गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकको विशेष समयमा उहाँहरूले भोटेकोशी बाढीका कारण आएको विपद्मा प्रभावितको उद्धार, राहतका साथै खाना पकाउने ग्यासको सहज आपूर्तिका लागि सरकारसँग माग गर्नुभयो ।

बैठकमा सांसद मोहन आचार्यले भोटेकोशी बाढीमा ठूलो जनधनको क्षति भएको उल्लेख गर्दै जलविद्युत् आयोजना पनि ठूलो क्षति व्यहोर्नुपरेको बताउनुभयो । उहाँले सुरुङमा उद्धार र राहतका कार्य भइरहेको, उद्धार गरिएका प्रभावित जनता विभिन्न जिल्लाका होल्डिङ सेन्टरमा बसिरहेकाले उहाँहरूको उचित व्यवस्थापनमा ध्यान दिनुपर्ने बताउनुभयो । रसुवाका गाउँमै केही गरौँ भन्ने युवाहरूले मृत्युवरण गर्नुपरेको र बाँचेका पनि के गर्ने भनेर चिन्तित रहेका जानकारी गराउँदै उहाँले शिक्षा, ऋण र बिमासम्बन्धी विशेष प्याकेज ल्याउन सरकारसँग आग्रह गर्नुभयो ।

सांसद गणेशसिंह ठगुन्नाले भोटेकोशी बाढीपछि आएको प्राकृतिक विपद्मा खोज र उद्धारको काम प्रभावकारी रूपमा अघि बढाउनुपर्ने धारणा राख्नुभयो । उहाँले विपद्मा सरकार एक्लै हिँड्नुभन्दा पनि सबैको सहयोग र समन्वयमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो । साथै उहाँले खाना पकाउने ग्यासको सहज आपूर्तिका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद ठगुन्नाले निजामति सेवा ऐन समयमा नआउँदा प्रशासनिक क्षेत्रमा दुविधा देखिएकाले छिटोभन्दा छिटो ऐन ल्याउनु आग्रह गर्नुभयो ।

सांसद बालावती शर्माले एकातिर बाढीपछिको विपद् र अर्कोतिर खाना पकाउने ग्यासको अभावले जनता थप पीडामा रहेका बताउनुभयो । उहाँले चाडपर्वको मुखमा जनताले यो सास्तीले भोग्नुपरेको बताउँदै होल्डिङ सेन्टरमा रहेका महिला र बालबालिकाका लागि छुट्टै व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद ध्रुवराज राईले बाढीपछि बेपत्ता भएकाहरूको खोजी कार्य निरन्तर जारी गर्नुपर्ने भन्दै त्यसको वस्तुस्थितिको वास्तविकताका बारेमा आजनतालाई जानकारी दिनुपर्ने बताउनुभयो । उहाँले सुरुङलगायत स्थानमा छिटो उद्धार र राहतको काम गर्न माग गर्दै कतिपय स्थानमा अझै राहत सामग्री नपुगेको जानकारी पाइएको भन्दै यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले ग्यासको हाहाकार भएको भन्दै समाधान गर्न माग गर्नुभयो । सामाजिक सञ्जालमा गालीगलौज बढेको भन्दै उहाँले नियन्त्रण गर्न माग गर्नुभयो ।

सांसद ताहिरअलि भाटले बाढी प्रभावितको दीर्घकालीन पुनःस्थापना तत्काल योजना बनाई अघि बढ्नुपर्नेमा जोड दिनुभयो । संयुक्त राष्ट्रसङ्घको महासभामा प्रधानमन्त्री वालेन्द्र शाहले हिमाललाई बचाउन र कार्बन उत्सर्जनका कारण भोटेकोशी बाढी भएको विषय प्रभावकारी रूपमा उठाउनुपर्नेमा जोड दिनुभयो । नेपालले जलवायु न्याय पाउनुपर्ने विषयलाई राख्नुपर्ने उहाँले सुझाव दिनुभयो ।

सांसद इन्दिरा रानामगरले बाढी गएको क्षेत्रका बालबालिका बढी प्रभावित भएका बताउँदै छुट्टै संरक्षण नीतिको आवश्यकता औँल्याउनुभयो । होल्डिङ सेन्टरमा रहेका बालबालिकालाई मनोसामाजिक परामर्श दिनुपर्ने सुझाव दिँदै उहाँले पनि विश्वव्यापी तापक्रमका कारण भोटेकोशी बाढी विपद् भएको तर्क उठान गर्नुपर्ने बताउनुभयो ।

सांसद निश्कल राईले जेनजी आन्दोलन सुशासन कायम राख्न र भ्रष्टाचार नियन्त्रणको माग राख्दै भएको उल्लेख गर्दै सबैले त्यसको सम्मान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सधैँ विपद्को सारथी बनेको रेडक्रस आज आफैँ घाइते भएको बताउँदै रेडक्रसमा आन्तरिक लोकतन्त्र कायम हुन नसकेको टिप्पणी गर्नुभयो । सांसद राईले मलेसियामा रोजगारीका लागि सीमित व्यवसायी कम्पनीलाई मात्र जिम्मेवारी दिने भन्ने विषय सार्वजनिक भएकोप्रति असहमति जनाउँदै सत्यतथ्य उजागर हुनुपर्ने माग गर्नुभयो । रासस

# कानुन मन्त्रीले राष्ट्रिय सभामा माफी मागिन्

**टुडे समाचारदाता**

काठमाण्डु । कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले राष्ट्रिय सभासम्बन्धमा आफूले दिएको अभिव्यक्तिबारे माफी मागेकी छन् ।

सभाको बिहीबारको बैठकमा मन्त्रीले आफ्नो अभिव्यक्तिको स्पष्टीकरण दिँदै माफी मागेकी छन् ।

जेन- जी स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा राष्ट्रिय सभामा राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिनिधित्व नभएको कारण कानून निर्माणमा समस्या भइरहेको बताएपछि उनको आलोचना भएको थियो।



उनले भनिन्, 'मैले जेन- जी स्मृति दिवसको सन्दर्भमा बोलेका केही विषयवस्तुहरूलाई लिएर मान्यज्यूहरूले केही प्रश्नहरू गर्नुभएको छ । जेन- जी शहीदका परिवारहरूले एउटा कार्यक्रम आयोजना गर्नुभएको थियो । सो कार्यक्रममा सरकारका मन्त्रीहरूलाई पनि निमन्त्रणा थियो । विभिन्न दलका नेतागणहरूलाई पनि निमन्त्रणा थियो । त्यस कार्यक्रममा मन्त्रीका हैसियतले जेनजी स्मृति दिवस कार्यक्रममा सहभागी हुन पुगेँ । त्यस सवालमा मलाई कानुन निर्माण चाहिँ छिटो गरियोस् । दुई तिहाइ भोट हालेर पठाएका छौँ, अब कानुन निर्माण छिटो हुनुपर्यो। संविधान नै संशोधन गर्नुपर्यो भन्ने आशयसहित प्रश्नहरू पनि मलाई आइराखेका थिए । मैले तथ्यभन्दा बाहिर गएर कुनै पनि यस्तो कुरा भनेको छैन । जसले यहाँहरूको भावनामा चोट परोस् । मैले भनेको कुरा के थियो भने, प्रतिनिधिसभामा दुई तिहाइ छ। कानुन निर्माण प्रक्रिया प्रतिनिधिसभाको बहुमतले मात्रै पूर्ण हुँदैन । कानुन निर्माण प्रक्रिया प्रतिनिधिसभा, राष्ट्रिय सभा हुँदै राष्ट्रपतिले प्रमाणीकरण गरिसकेपछि कानुन निर्माण हुन्छ । यो कम्प्लेक्स प्रक्रिया छ । र अब यसलाई यो तथ्य हो, यसलाई राजनीतिक भाषा जसरी बनाएर व्याख्या गर्न चाहयो त्यसरी नै व्याख्या हुन्छ जस्तो मलाई लाग्दछ,' उनले भनिन् ।

यसका साथै मन्त्री गौतमले राष्ट्रिय सभाले कहीँ कतै असहयोग गर्यो भनेर आफूले नबोलेको पनि बताइन् ।

उनले भनिन्, 'राष्ट्रिय सभाले असहयोग गऱ्यो भनेर कहीँ कतै त्यस्तो भाषा, शब्द प्रयोग गरेको छैन । त्यो मान्यज्यूहरूले पनि हेर्न सक्नुहुन्छ तर मैले भनेका कुराले गर्दाखेरि मैले त्यहाँ बोलेको तथ्यले गर्दाखेरि राजनीतिक व्यक्ति हुँ । राजनीतिक व्यक्ति भएको कारणले गर्दाखेरि समाचारहरूमा पत्रकारज्यूहरूले अथवा चाहिँ सामाजिक विश्लेषकहरूले विभिन्न अर्थ लगाएर एउटा खालका सप्रसंग व्याख्यासहितका विषयहरू पनि सामाजिक सञ्जालहरूमा देखिए, मैले बोलेको कुराले केही चोट परेको छ भने त्यसमा म क्षमाप्रार्थी छु ।'

# नदी प्रणालीमा आधारित विकासका अवधारणामा पुनर्विचार गर्न आग्रह

काठमाण्डु । सांसदहरूले प्राकृतिक विपत्तिबाट हुनसक्न जनधनको क्षति न्यूनीकरणको योजना बनाउन तथा नदी प्रणालीमा आधारित विकासका अवधारणाको पुनर्विचार गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको शून्य समयमा सांसद सुशील खड्काले नदी प्रणालीमा आधारित वस्ती जलवायु परिवर्तनपछि उच्च जोखिममा परेको जनाउँदै अब विकासका मोडल पुनर्विचार गर्नुपर्नेमा जोड दिनुभयो ।

स्मृति सेन्चुरीले उच्च जोखिममा रहेको दोलखास्थित छो रोल्पा हिमतालको २४ घन्टा निगरानी गर्न र तटीय क्षेत्रका नागरिकको जीउधनको रक्षा गर्न स्वचालित साइरन प्रणाली जोड्न सरकारलाई सुझाव दिनुभयो ।

सांसद श्रीराम न्यौपानेले भोटेकोशी बाढीबाट सम्पर्कविहीन नागरिकको खोजीमा सम्पूर्ण संयन्त्र परिचालित गर्नुपर्नेमा जोड दिनुभयो । सांसद सुशान्त वैदिकले भोटेकोशी बाढीपछि सम्पर्कविहीन भएकाको खोज तथा उद्धारमा सम्पूर्ण संयन्त्र परिचालन गर्न सरकारलाई सुझाव दिनुभयो ।



सांसद सुष्मा स्वर्णकारले भ्रष्टाचारमुक्त, भेदभावमुक्त र सुशासनयुक्त समाज निर्माण गर्ने जेनजी युवाका चाहना पूरा गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सोम शर्माले जेन- जी जनविद्रोहका क्रममा युवामाथि लगाइएका झुटा मुद्दा फिर्ता लिन सरकारसँग माग गर्नुभयो । सांसद हरिनादेवी कामीले जेनजी सहिद परिवारमाथि व्यङ्ग्य गर्ने अधिकार कसैलाई नभएको बताउनुभयो ।

सांसद हरिप्रसाद भुसालले जेनजी विद्रोहमा सहभागी अर्घाखाँचीका १० भन्दा बढी युवाले अझै पनि जिल्ला अदातलमा तारेख धाइरहेका भन्दै तत्काल उनीहरूमाथि लगाइएका झुठा मुद्दा फिर्ता लिन माग गर्नुभयो ।

सांसद सुलभ खरेलले राष्ट्रिय सुरक्षासँग जोडिएको पेट्रोलियम पदार्थको रणनीतिक राष्ट्रिय भण्डारण गर्नेसम्बन्धी स्पष्ट कानुनी व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद हरिमोहन भण्डारीले नागरिकलाई सहजै खाना पकाउने ग्यास उपलब्ध गराउने दायित्वबाट राज्य उम्कन नमिल्ने धारणा राख्नुभयो । सांसद सन्तोष सुब्बाले ग्यास अभावको अवस्था तत्काल अन्त्य गरेर नागरिकलाई राहत दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सुशीला ढकाल अचार्यले विपत्तिको चपेटामा परेका नागरिकलाई ग्यासको अभावले थप पीडा दिएको भन्दै तत्काल ग्यास आपूर्तिलाई सहज बनाउन आग्रह गर्नुभयो।

सांसद ज्ञानु पौड्यालले रूपन्देहीको पक्लीवहास्थित कृषि क्याम्पसको जीर्ण भवनको पुनर्निर्माण गर्न र आधुनिक प्रयोगशाला सञ्चालनमा ल्याउन माग गर्नुभयो । सांसद लीमा अधिकारी आचार्यले चाडवाडको मुखमा दैनिक अत्यावश्यक वस्तुको अभाव हुन नदिन अवरुद्ध राजमार्ग तत्काल सञ्चालनमा ल्याउन माग गर्नुभयो ।

सांसद विपिनकुमार आचार्यले भदौ २४ को विध्वंशले खरानी बनेका निजी क्षेत्रका संरचना उठिसकेको अवस्थामा मुख्य प्रशासनिक केन्द्र सिंहदरबार र गृहमन्त्रालय अझै बेवारिसे रहेको तथा नयाँ संसद् भवन निर्माणको सुस्त गति देख्दा रसुवा र नुवाकोटका नागरिकले विपद् पछिको पुनःनिर्माण सही दिशामा हुन्छ भनेर कसरी विश्वास गर्ने भनी प्रश्न गर्नुभयो । उहाँले पुनःनिर्माणको सम्बन्धमा देखिएका नीतिगत र व्यवहारिक कमजोरी पत्ता लगाएर यसको गति बढाउन सुझाव दिनुभयो ।

सांसद समीक्षा बाँस्कोटाले जेनजी आन्दोलनका सहिद, घाइतेको योगदानलाई कसैले अवमूल्यन गर्ने छुट कसैलाई नभएको उल्लेख गर्दै जेनजी पुस्ताको न्यायका लागि बाधा फुकाउन सिङ्गो सदन तयार रहेको बताउनुभयो ।

सांसदहरू ललिताकुमारी, लक्ष्मी पौडेल, विक्रम थापा, विष्णुमाया विक, शम्भुप्रसाद ढकाल, साहजान खातुन, शोभा खनाल, श्रद्धा कुँवर क्षेत्री, सरस्वती लामा, सरिता महतो, सागर भुसाल, साजिदा खातुन सिद्धिकी, सिर्जना श्रेष्ठलगायतले भोटेकोशी बाढीमा हराइरहेका नागरिकको खोजीमा सम्पूर्ण संयन्त्र परिचालन गर्न सरकारसँग माग गर्नुभयो । रासस

**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जलेश्वर, महोत्तरीका तपसिलमा उल्लेखित जमानतकर्तालाई जमानत दायित्व (ऋण कर्जा)चुक्ता गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०५/२६ गते शुक्रबार जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका ऋणी प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपोभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा प्राइभेट रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७१/०५/२० मा प्रा.फ.र.नं. २६७७/२९/०७१/०७२ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुर, धनुषाबाट मिति २०७१/०५/२३ (मु.अ.क.मा दर्ता मिति २०७१/०५/२३) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०२५१४४१९ को प्रमाणपत्र प्राप्त महोत्तरी जिल्ला जलेश्वर नगरपालिका वडा नं. २ (शाखा ठेगानाः लोहारपटी न.पा. वडा नं. ६, महोत्तरी) स्थित रजिष्टर्ड कार्यालय रहेको श्री **अम्बिका इन्टरप्राइजेज (प्रो. श्रीमती अंजु कुमारी) .........१**, प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, तथा वन मन्त्रालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी प्राइभेट रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/११/२५ मा प्रा.फ.र.नं. २६/८/०७४/०७५ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुर, जलेश्वरबाट मिति २०७५/०६/११ (मु.अ.क.मा दर्ता मिति २०७५/०६/११) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८५३३९७३ को प्रमाणपत्र प्राप्त महोत्तरी जिल्ला रामगोपालपुर नगरपालिका वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहेको श्री **हिमाल फिक्स ईटा उद्योग (प्रो. श्रीमान राम एकवाल साह) .........१**, नेपाल सरकार (साविक श्री ५ को सरकार), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्ररको कार्यालय, प्राइभेट/पब्लिक लिमिटेड कम्पनी अध्यादेश बमोजिम मिति २०६३/०१/२७ रोज ४ मा दर्ता नं. ३९४०३/०६२/०६३ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुरबाट मिति २०६३/१०/०४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०२३६३९७९ को प्रमाणपत्र प्राप्त महोत्तरी जिल्ला जलेश्वर नगरपालिका वडा नं. ४ (हालः जलेश्वर न.पा. वडा नं. २) स्थित रजिष्टर्ड कार्यालय रहेको श्री **मोनु मनि एक्सप्रेस रेमिटान्स प्रा.लि......१** समेत ३ ले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त, कबुलियत उल्लघंन गर्नु भएको हुंदा कर्जा असुलीका लागि पटक पटक मौखिक तथा लिखित एवं यस अघिको विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा तहाँ जमानतकर्ताहरुलाई समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा तहाँ जमानतकर्ताहरुले समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले बाध्य भई ऋणीले कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष दिएको धितो सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री/धितो सकार गरी आंशिक कर्जा असुल उपर गरिएकोमा उक्त धितो सम्पत्तिबाट सम्पूर्ण कर्जा चुक्ता नभएको हुंदा नेपाल राष्ट्र बैंकबाट "क" "ख" "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन नं. १२/०८२, नं. ९ (४) वमोजिम तहाँ जमानतकर्ताहरुलाई जमानत दायित्व चुक्ता गर्न आउने बारे यो सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र बाँकी कर्जा सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न तपसिलमा उल्लेखित जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं जमानतकर्ताहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने र जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरासमेत यसै सूचना वमोजिम जानकारी गराउँदछौं । बैंकको उल्लेखित काम कारवाहीबाट तपाई जमानतकर्ताहरुको आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण जमानत दायित्व (कर्जा) चुक्ता फछ्र्यौट गर्न वा गराउनु हुन अपेक्षा गरिएको छ ।

**तपसिल**

| जमानतकर्ताको विवरण : | |
|---|---|
| **जमानतकर्ता : राम एकवाल साह** (ना.प्र.नं. ४९९३२३४५, जारी मिति २०६१/०६/०७, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला एकडारा गा.पा. वडा नं. ५, (साविक कोल्हुवा वगेया गा.वि.स. वडा नं. ३) ।<br>बाबु : ब्रहमदेव साह ।<br>बाजे : किशोरी साह । | **जमानतकर्ता : अंजु कुमारी** (ना.प्र.नं. १८-०१-७०/०७९५०, जारी मिति २०७०/०९/३० जारी गर्ने कार्यालय जि.प्र.का.महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला एकडारा गा.पा. वडा नं. ५, (साविक कोल्हुवा वगेया गा.वि.स. वडा नं. ३) ।<br>बाबु : दुखरन साह ।<br>पति : राम एकवाल साह । ससुरा : ब्रहमदेव साह । |

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

# ट्रम्पको पाँच हजार डलर लाभांशको वाचा



एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी नोभेम्बरमा हुने मध्यावधि निर्वाचनमा रिपब्लिकन पार्टीले काङ्ग्रेसका दुवै सदनमाथिको नियन्त्रण कायम राखे प्रत्येक वयस्क अमेरिकी नागरिकलाई पाँच हजार अमेरिकी डलर दिने वाचा गर्नुभएको छ।

डालसमा आयोजित रिपब्लिकन मध्यावधि सम्मेलनलाई सम्बोधन गर्दै उहाँले प्रस्तावित रकमलाई 'ट्रम्प लाभांश' को संज्ञा दिँदै रिपब्लिकन विजयी भए नागरिकले त्यसको प्रत्यक्ष लाभ पाउने दाबी गर्नुभयो । "रिपब्लिकनहरू विजयी भएमा तपाईंहरू पनि हामीसँगै विजयी हुनुहुनेछ र पाँच हजार डलर पाउनुहुनेछ। यसलाई ट्रम्प लाभांश भनिन्छ", उहाँले भन्नुभयो।

राष्ट्रपति ट्रम्पले रकम कहाँबाट जुटाइने हो भन्नेबारे स्पष्ट पार्नुभएन। प्रत्येक वयस्कलाई पाँच हजार डलर दिँदा राज्यकोषमा पर्ने भार खर्बौं डलर पुग्न सक्ने भए पनि उहाँले "हाम्रो देशले यति धेरै पैसा कमाउँदैछ" भन्नुभयो।

नोभेम्बर ३ को निर्वाचनमा रिपब्लिकनलाई जिताउन समर्थकलाई आग्रह गर्दै उहाँले आफू मतपत्रमा रहेको कल्पना गरेर मतदान गर्न आह्वान गर्नुभयो । हालका जनमत सर्वेक्षणमा उहाँको स्वीकृति दर ३० प्रतिशतको आसपास रहेको र उच्च मूल्यवृद्धि तथा इरानविरुद्धको युद्धप्रति मतदाताको असन्तुष्टि बढिरहेको बताइएको छ।

राष्ट्रपति ट्रम्पले इरानविरुद्धको युद्धको बचाउ गर्दै अमेरिका विजयी हुने र त्यससँगै तेलको मूल्य अझ घट्ने दाबी गर्नुभयो । खाद्यान्नलगायत अधिकांश वस्तुको मूल्य घटिरहेको उल्लेख गर्दै उहाँले रणनीतिक रूपमा महत्त्वपूर्ण हर्मुज जलघाँटीलाई आफ्नै नाममा राख्न सकिने सुझावसमेत दिनुभयो।

उहाँले डेमोक्रेटहरू विजयी भए अमेरिका साम्यवादी देश बन्ने दाबी गर्दै आगामी निर्वाचनले देशको आगामी २५० वर्षको दिशा निर्धारण गर्ने बताउनुभयो।

हालको प्रक्षेपणअनुसार डेमोक्रेटहरूले प्रतिनिधिसभामा २३० र रिपब्लिकनहरूले २०५ सिट तथा सिनेटमा डेमोक्रेटहरूले ५१ र रिपब्लिकनहरूले ४९ सिट जित्ने अनुमान गरिएको छ। यस्तो अवस्थामा राष्ट्रपति ट्रम्पप्रति वफादार मतदातालाई परिचालन गर्नुका साथै उहाँको कार्यकालप्रति असन्तुष्ट स्वतन्त्र मतदातालाई पार्टीबाट टाढा जान नदिनु रिपब्लिकनका लागि मुख्य चुनौती बनेको छ।

अमेरिकन एयरलाइन्स सेन्टरमा भएको सम्मेलनमा रिपब्लिकनहरूले कर कटौती, आप्रवासन नियन्त्रण, उत्पादन वृद्धि र औषधिको मूल्य घटाउने विषयलाई प्राथमिकतामा राखेका थिए । सम्मेलनमा डेमोक्रेटिक सिनेटर जोन फेटरम्यानको भिडियो सम्बोधनसमेत समावेश गरिएको थियो।

राजनीतिक चुनौतीका बाबजुद सम्मेलनको वातावरण उत्सवमय देखिएको थियो । राष्ट्रपति ट्रम्पका समर्थकले उहाँको नाम र तस्बिर तथा अमेरिकी झण्डा अङ्कित पोसाक लगाएका थिए । राष्ट्रिय गानका क्रममा 'युएसए ! युएसए !' को नारा गुञ्जिएको थियो।

मिशिगनबाट सहभागी ७७ वर्षीया कन्जरभेटिभ पोडकास्टर सुसान कोकिन्डाले रिपब्लिकनहरूले राम्रो प्रदर्शन गर्ने अपेक्षा व्यक्त गर्दै भन्नुभयो, "डोनाल्ड ट्रम्प परम्परागत राष्ट्रपति हुनुहुन्न र उहाँले रिपब्लिकन पार्टीलाई पुनः आकार दिइरहनुभएको छ।"

मध्यावधि निर्वाचनका लागि आयोजना गरिएको यो पहिलो रिपब्लिकन राष्ट्रिय सम्मेलन हो । औपचारिक पार्टीगत निर्णय वा उम्मेदवार मनोनयनभन्दा पनि राष्ट्रपति ट्रम्पको कार्यकाल र रिपब्लिकन उम्मेदवारको प्रचारमा केन्द्रित दुई रातको चुनावी कार्यक्रमका रूपमा सम्मेलन आयोजना गरिएको छ।

# नेपालका बाढीपीडितको सहयोगमा इटालियन क्लबको विशेष जर्सी




टुडे समाचारदाता

काठमाण्डु । नेपालका बाढीपीडितको सहयोगमा इटालियन फुटबल क्लब एएस रोमाले सहयोग जुटाउनका लागि विशेष जर्सी लगाउने भएको छ।

युरोपेली च्याम्पियन्स लिगअन्तर्गत बिहीबार टर्कीमा फेनरबाह्चेविरुद्ध हुने खेलमा रोमाका खेलाडीले नेपालप्रति समर्थन जनाउने सन्देशसहितको विशेष जर्सी लगाउने भएका हुन्। खेल नेपाली समयानुसार राति १०:३० बजे शुरु हुनेछ।

इस्तानबुलमा हुने च्याम्पियन्स लिगको आफ्नो पहिलो खेलमा रोमाका खेलाडीले जर्सीमा 'टुगेदर फर नेपाल' अर्थात् 'नेपालका लागि एकजुट' भन्ने सन्देश राख्नेछन्।

जर्सीको अगाडि संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) को लोगोसमेत रहनेछ।

टर्कीमा खेलकुद टोलीको जर्सीमा सट्टेबाजी तथा जुवा कम्पनीका लोगो र नाम राख्न प्रतिबन्ध रहेकाले रोमाले आफ्नो जर्सीमा प्रायोजकको लोगो राख्न नपाउने भएको हो।

त्यसको सट्टा क्लबले नेपालका बाढीपीडितप्रति समर्थन जनाउने सन्देश र डब्लूएफपीको लोगो राख्ने निर्णय गरेको छ।

रोमाले विशेष जर्सीको लिलामी गरेर प्राप्त रकम नेपालमा जारी राहत तथा पुनःस्थापनाका लागि डब्लूएफपीलाई उपलब्ध गराउने जनाएको छ।

सो क्लबले आफ्नो वेबसाइटमा जारी गरेको विज्ञप्तिमा एएस रोमा र डब्लूएफपीले बाढी तथा पहिरोबाट गम्भीर रूपमा प्रभावित नेपाली जनतालाई सहयोग गर्न हातेमालो गरेको जनाएको छ।

सो क्लबले जनाए अनुसार खेलाडीले जर्सीको अगाडि डब्लूएफपीको लोगो राखेर मैदानमा उत्रिँदा नेपालमा जारी मानवीय संकटप्रति ध्यानाकर्षण गराउनुका साथै प्रभावित समुदायको सहयोगमा डब्लूएफपीले गरिरहेको कामलाई थप दृश्यता मिल्नेछ।

गत महिना आएको विनाशकारी बाढीमा १ हजार ३०० भन्दा बढीको मृत्यु भएको पुष्टि भइसकेको छ भने करिब ५ हजार मानिस अझै बेपत्ता छन्।

हिमनदीको एक हिस्सा भत्किएपछि आएको पानी र माटोको ठूलो भेलले नेपालको रसुवा र नुवाकोटसहित चीनको तिब्बत क्षेत्रमा समेत ठूलो क्षति पुर्‍याएको थियो।

यसअघि नयाँ सिजनको च्याम्पियन्स लिग सुरु हुँदा मंगलबार भएका सबै खेलअघि नेपालका बाढीपीडितको सम्मानमा एक मिनेट मौनधारण गरिएको थियो।

बुधबारका खेलमा पनि खेलाडी, प्रशिक्षक, अधिकारी तथा समर्थकले खेल सुरु हुनुअघि मौनधारण गर्दै पीडितप्रति सम्मान व्यक्त गरेका थिए।

सबै रंगशालाका स्क्रिनमा समेत नेपालका बाढीपीडितप्रति समर्थन जनाउने सन्देश प्रदर्शन गरिएको थियो।

इंग्लिस प्रिमियर लिग क्लब आर्सनलले पनि आर्सनल फाउण्डेसन र विभिन्न परोपकारी साझेदार 'सेभ द चिल्ड्रेन'मार्फत नेपालमा जारी राहत प्रयासमा सहयोग गरेको छ।

# हर्मुज जलघाँटीमा इरानद्वारा जहाजमाथि आक्रमण



एएफपी । इरानले हर्मुज जलघाँटी हुँदै आवतजावत गर्ने जहाजमाथि आक्रमण गर्दै ओमानको खाडी र अरब सागरका केही भागलाई समेत प्रतिबन्धित क्षेत्रमा समेटेपछि अमेरिका-इरान तनाव थप चर्किएको छ । इरानी रिभोलुसनरी गार्ड्सले बुधबार दुई अमेरिकी जहाज, आठ तेल ट्याङ्कर र १० वटा निर्देशन पालना नगरेका जहाजमाथि कारबाही गरेको जनाएको छ।

गार्ड्सका प्रवक्ता हुसेन मोहेबीले प्रतिबन्धित क्षेत्रमा समन्वय नगरी प्रवेश गर्ने जहाज कारबाहीको दायरामा पर्ने बताउनुभयो । इरानले हर्मुज जलघाँटी प्रयोग गर्ने जहाजले अनुमति लिन र पारवहन शुल्क तिर्नुपर्ने व्यवस्था गरेको छ।

यसबीच, तेलको मूल्य प्रतिब्यारेल १०० डलरभन्दा माथि पुगेको छ । ब्रेन्ट कच्चा तेलको मूल्य बुधबार १०१.२१ डलरमा बन्द भएको थियो। हर्मुज जलघाँटीबाट सामान्यतया विश्वको तेल तथा तरलीकृत प्राकृतिक ग्यासको करिब पाँचौं भाग ओसारपसार हुने गर्छ।

इरानले अमेरिकी सेनाले पाँच इरानी तेल ट्याङ्कर नष्ट गरेको जवाफमा जोर्डनस्थित अमेरिकी सैन्य अड्डामाथि आक्रमण गरेको पनि जनाएको छ। जोर्डनले आफ्नो क्षेत्रमा प्रहार गरिएका १८ क्षेप्यास्त्र खसालेको बताएको छ । इरानले अमेरिकी कारबाहीलाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शान्तिका लागि खतरा भन्दै सैन्य संरचनामाथिको आक्रमणलाई आत्मरक्षा भनेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नोभेम्बरको मध्यावधि निर्वाचनपछि युद्ध अन्त्य हुने विश्वास व्यक्त गर्नुभएको छ। तर 'वाल स्ट्रिट जर्नल' ले अमेरिकी अधिकारीलाई उद्धृत गर्दै युद्ध ट्रम्पको कार्यकालको बाँकी दुई वर्षसम्म पनि जारी रहन सक्ने चेतावनी उहाँका वरिष्ठ सल्लाहकारहरूले दिएको जनाएको छ।

यसैबीच, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको बोर्ड अफ गभर्नर्सले इरानको आणविक विषय संयुक्त राष्ट्र सुरक्षा परिषद्मा पठाउने पक्षमा २३-३ मतले मतदान गरेको छ।

# म्यान्माको टिन खानी पुनः सञ्चालनमा




एएफपी। युद्धग्रस्त म्यान्माको चीन सीमावर्ती वामा राज्यमा रहेको विश्वका प्रमुख टिन खानीमध्ये एक म्यान माव खानीले सन् २०२३ पछि पुनः उत्पादन सुरु गरेको छ। खानीबाट चीनतर्फ टिन अयस्कको निर्यातसमेत बढ्न थालेको अन्तर्राष्ट्रिय क्राइसिस ग्रुपले जनाएको छ।

कृत्रिम बौद्धिकता (एआई) उद्योगमा माइक्रोचिप तथा विद्युतीय उपकरण जोड्न टिन आवश्यक पर्ने भएकाले यसको आपूर्ति विश्व बजारका लागि महत्त्वपूर्ण मानिन्छ । म्यान माव खानीको उत्पादन घटेपछि टिनको मूल्य बढेको थियो।

क्राइसिस ग्रुपका अनुसार अहिले खानीबाट अयस्क पुनः बाहिरिन थाले पनि उत्पादन सन् २०२३ अघि रहेको स्तरभन्दा कम छ। चीनको भन्सार तथ्याङ्कअनुसार सन् २०२६ को पहिलो छ महिनामै म्यान्माबाट चीन पुगेको टिन अयस्क तथा प्रशोधित टिनको मात्रा सन् २०२५ को पूरै वर्षको तुलनामा ४० हजार मेट्रिक टनभन्दा बढी भएको छ।

स्याटेलाइट तस्बिरमा खानी आसपास नयाँ ठूला भवन निर्माण भइरहेको र रातको समयमा देखिने प्रकाश बढेको पाइएको छ। यसले खानीमा गतिविधि पुनः बढेको सङ्केत गरेको क्राइसिस ग्रुपले जनाएको छ । संस्थाका वरिष्ठ एसिया सल्लाहकार रिचर्ड होर्सीले खानीमा उत्पादन क्रमशः तर असमान रूपमा बढिरहेको प्रमाण देखिएको बताउनुभयो।

म्यान माव खानी सन् २०१० को दशकमा विश्वव्यापी टिन आपूर्तिको महत्त्वपूर्ण स्रोत बनेपछि म्यान्मा विश्वको तेस्रो ठूलो टिन उत्पादक तथा चीनको प्रमुख आपूर्तिकर्ता बनेको थियो । सन् २०१६ मा म्यान्माले करिब पाँच लाख मेट्रिक टन टिन अयस्क उत्पादन गरेकोमा ९९ प्रतिशतभन्दा बढी चीन पुगेको थियो।

चीन सीमावर्ती वामा राज्यलाई नियन्त्रण गर्ने जातीय सशस्त्र समूह वा स्टेट आर्मीले खानीमा बाह्य पहुँच तथा गतिविधिसम्बन्धी जानकारीमा कडा प्रतिबन्ध लगाएको छ। सन् २०२३ मा खानी बन्द हुनु सशस्त्र द्वन्द्वभन्दा खानी नियन्त्रणका लागि विभिन्न समूहबीच भएको प्रतिस्पर्धासँग सम्बन्धित रहेको क्राइसिस ग्रुपले जनाएको छ।

खानी पुनः सञ्चालन भए पनि बाढीका कारण डुबेका सुरुङ तथा उच्च गुणस्तरको टिन अयस्कको भण्डार घट्दै जानुजस्ता चुनौतीले उत्पादन विस्तारमा बाधा पुर्‍याउन सक्ने संस्थाले जनाएको छ । विश्वव्यापी टिन आपूर्ति कमजोर र माइक्रोचिपको माग बढिरहेका बेला खानीबाट उत्पादन पुनः बढेमा एआई उद्योगका लागि आवश्यक कच्चा पदार्थको आपूर्तिमा त्यसको प्रभाव पर्ने देखिएको छ।

# युएई तेस्रोपटक एसिसी प्रिमियर कपको फाइनलमा



काठमाण्डु । युनाइटेड अरब इमिरेट्स (युएई) तेस्रो संस्करणको एसिसी प्रिमियर कपको फाइनलमा प्रवेश गरेको छ । बिहीबार सम्पन्न सेमिफाइनल खेलमा हङकङलाई तीन विकेटले हराउँदै युएई लगातार तेस्रोपटक फाइनलमा प्रवेश गरेको हो।

सेमिफाइनलमा हङकङले दिएको ७१ रनको झिनो लक्ष्य युएईले ११.१ ओभरमा तीन विकेटको क्षतिमा भेट्टायो। उसका लागि तानिस सुरीले २७, अबीद उस्मानीले १६ तथा अक्षदीप नाथले ११ रन जोडे।

हङकङका लागि बलिङतर्फ कप्तान यासिम मोर्तजा, एसहान खान र किञ्चित साहले एक/एक विकेट लिए । त्यसअघि मलेसियाको बाङ्गीस्थित वाइसडी-युकेएम क्रिकेट ओभलको मैदानमा टस हारेर ब्याटिङको मौका पाएको हङकङ ३०.१ ओभरमा ७० रनमै अलआउट भएको थियो।

उसका लागि जिशान अलीले २८ बलमा एक छक्का र एक चौकासहित सर्वाधिक १७ रन जोडे। बाँकी ब्याटरको प्रदर्शन सम्झनलायक रहन सकेन।

हङकङलाई सस्तैमा रोक्ने क्रममा युएईका लागि हैदर अलीले १० ओभरमा १४ रन मात्र दिएर सर्वाधिक ६ विकेट लिए। युएईले अब सेमिफाइनल जित्ने टिमविरुद्ध उपाधिका लागि भिड्नेछ।

बिहीबार नै भइरहेको अर्को सेमिफाइनलमा नेपाल र ओमान प्रतिस्पर्धा गरिरहेका छन्। खेलमा नेपालले ओमानलाई १४८ रनको लक्ष्य दिएको छ।

# अगस्टमा विश्वकै उच्च तापक्रम



एएफपी। युरोपेली संघ (इयु) को जलवायु अनुगमन सेवा कोपर्निकसले गत अगस्टलाई विश्वभर रेकर्ड गरिएको सबैभन्दा तातो महिना भएको जनाएको छ। सो अवधिमा समुद्री सतहको तापक्रमसमेत अभूतपूर्व उचाइमा पुगेको र पश्चिमी युरोपले असाधारण गर्मीको सामना गरेको छ।

कोपर्निकसका अनुसार अगस्टमा विश्वको औसत हावाको तापक्रम १६.९६ डिग्री सेल्सियस पुगेको थियो । यो सन् २०२३ को जुलाईमा कायम भएको अघिल्लो मासिक कीर्तिमानभन्दा ०.०१ डिग्री सेल्सियस बढी हो। अन्तर निकै कम भएकाले दुवै महिनालाई संयुक्त रूपमा सबैभन्दा तातो मानिएको छ।

कोपर्निकसकी सामन्था बर्गेसले कम्तीमा पछिल्लो एक लाख वर्षमा मानिसले अहिले जस्तो उच्च तापक्रम नदेखेको बताउनुभयो । वैज्ञानिकहरूका अनुसार कोइला, तेल र ग्यासजस्ता जीवाश्म इन्धन जलाउँदा औद्योगिक युगअघिको तुलनामा पृथ्वीको तापक्रम करिब १.४ डिग्री सेल्सियस बढेको छ।

संयुक्त राष्ट्रसङ्घले जीवाश्म इन्धनको प्रयोग नघटाए पृथ्वी अझ गम्भीर जलवायु अवस्थामा पुग्ने चेतावनी दिएको छ। संयुक्त राष्ट्रसङ्घका जलवायु प्रमुख साइमन स्टिलले जीवाश्म इन्धनप्रतिको मानवताको निर्भरताले विश्वव्यापी जलवायु सङ्कट बढाइरहेको बताउनुभयो।

यसैबीच, अगस्टमा समुद्री सतहको तापक्रम पनि उच्च विन्दुमा पुगेको र महासागरमा लगातार तीन महिनासम्म तापक्रमका नयाँ कीर्तिमान कायम भएको कोपर्निकसले जनाएको छ । हरितगृह ग्यासबाट उत्पन्न अतिरिक्त तापको ९० प्रतिशतभन्दा बढी समुद्रले सोस्ने भए पनि यसले समुद्री जीव, प्रवालका प्राकृतिक संरचना र तटीय समुदायमा गम्भीर असर पारिरहेको वैज्ञानिकहरूले बताएका छन्।

कोपर्निकसका अनुसार जुनदेखि अगस्टसम्म पश्चिमी युरोपले सन् २००३ को सबैभन्दा तातो गर्मीको कीर्तिमानसमेत पार गरेको छ। लगातारको तातो लहरका कारण विद्यालय बन्द गर्नुपरेको, नदी सुकेको र जङ्गलमा आगलागीको जोखिम बढेको थियो। युरोपमा अतिरिक्त मृत्युको निगरानी गर्ने तथ्याङ्कअनुसार, जुलाईको मध्यदेखि अगस्टको मध्यसम्म अत्यधिक गर्मीका कारण ३२ हजारभन्दा बढी अतिरिक्त मृत्यु भएको अनुमान गरिएको थियो।

असाधारण गर्मी युरोपमा मात्र सीमित रहेन । अमेरिकी राष्ट्रिय महासागरीय तथा वायुमण्डलीय प्रशासनले पनि अमेरिकाले अभिलेखमै सबैभन्दा तातो गर्मीमध्ये एक सामना गरेको जनाएको छ । कोपर्निकसको तथ्याङ्कअनुसार करिब ९० करोड मानिस बसोबास गर्ने क्षेत्रमा अहिलेसम्मकै सबैभन्दा तातो जुलाई रेकर्ड भएको थियो।

जलवायु वैज्ञानिक फ्रेडेरिक ओटोले जीवाश्म इन्धन जलाउन नरोकेसम्म यस्ता कीर्तिमानी तातो महिना दोहोरिइरहने बताउनुभयो।

# गाजामा इजरायली आक्रमण, चार जनाको मृत्यु: अस्पताल, अधिकारी

एएफपी । गाजामा विहीबार भएको इजरायली आक्रमणमा दुई बच्चासहित एउटै परवारका चार जनाको मृत्यु भएको प्यालेस्टिनी अस्पताल र सुरक्षा अधिकारीले बताएका छन्।

उत्तरी गाजा पट्टीको बेत लाहिया परियोजना क्षेत्रमा इजरायली आक्रमणले एउटा घरमा प्रहार गरेपछि अहमद परिवारका चार जना सदस्यको शव टुक्रामा फेला पारिएको जनाइएको छ । गाजा सहरको अल-शिफा अस्पतालका अधिकारीले १२ र आठ वर्षका बच्चाको सवको पहिचान भइसकेको बताउनु भएको छ।



हमासको नियन्त्रणमा रहेको गाजामा रहेको प्यालेस्टिनी सुरक्षा स्रोतले इजरायली लडाकु विमानले मध्यरात पछि बेत लाहियामा र जबालिया शरणार्थी शिविरको केन्द्रमा छुट्टै आक्रमण गरेको तथा इजरायली सेनाले विस्थापित मानिसको तम्बु र एम्बुलेन्समा पनि गोलीबारी गरेको बताएको छ।

इजरायलले गाजा पट्टीमा आक्रमण जारी राखेको सुरक्षा स्रोतले जनाएको छ।

इजरायलले गत वर्षको अक्टोबरमा संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा युद्धबिराम गर्न सहमत भएको थियो यद्यपी गाजा नियन्त्रण प्रक्रिया अगाडि बढाएको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले हमास लक्षित आक्रमणमा कुनै कमी नगर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ। हमासले इजरायल बिरूद्ध सन् २०२३ अक्टोबर-७ मा अभूतपूर्व आक्रमणको नेतृत्व गरेको थियो।

इजरायलले प्रायः पछि आफ्ना लक्ष्य पहिचान गर्दछ।

इजरायली सेनाले आइतबार सबी हदर अल-अथम अल-बत्रहीलाई गाजा पट्टीमा इजरायली सेना विरुद्ध विस्फोटक उपकरण जडान गरेको दाबी गर्दै मारिएको बताएको छ।

# एनभिएलको प्लेअफमा कर्णाली र काठमाण्डु

टुडे समाचारदाता



काठमाण्डु । कर्णाली शिवराज र काठमाडौं रेड्स एक्सट्रिम इनर्जी ड्रिंक नेपाल भलिबल लिग (एनभिएल) को प्लेअफमा पुगेका छन्।

बिहीबार पहिलो खेलमा अन्नपूर्ण स्पाइकर किंग्सले सगरमाथा स्म्यासर्सलाई ३-१ ले हराएसँगै अन्तिम खेलअघि कर्णाली र काठमाण्डु शीर्ष तीन भित्र रहने पक्का भएको हो। दोस्रो स्थानको कर्णाली र काठमाडौंको समान ८ अंक छ।

बिहीबार दिउँसो ४ शिवराजले मधेश वारियर्स तथा साँझ ७ बजे काठमाडौं र खप्तड फाल्कन्सबीच प्रतिस्पर्धा हुनेछ। मधेशले आजको खेल जितेपनि अंकमा कर्णाली र काठमाडौंलाई भेट्ने छैन।

४ अंक जोडेको मधेश पनि एनभिएलबाट बाहिरिएको छ। अंकविहीन खप्तड यसअघि नै एनभिएलबाट बाहिरिसकेको छ । कर्णाली र काठमाडौंबीच शुक्रबार साँझ ६ बजे प्ले अफ खेल हुनेछ।

अन्नपूर्ण स्पाइकर किंग्स एक्सट्रिम इनर्जी ड्रिंक नेपाल भलिबल लिग (एनभिएल) को फाइनलमा पुगेको बताइएको छ।

लिगको आफ्नो अन्तिम खेलमा सगरमाथा स्म्यार्ससलाई ३-१ ले हराएर १२ अंकसहित शीर्ष स्थानमा रहेपछि सोझै फाइनलमा स्थान पक्का गरेको हो । अन्य खेलको नतिजाले अन्नपूर्णलाई फरक पर्नेछैन।

पहिलो सेट जितेको सगरमाथाले त्यसपछि लगातार ३ सेट गुमायो । लगातार तेस्रो हारसँगै सगरमाथा एनभिएलबाट बाहिरिएको छ। अन्नपूर्ण २३-२५,२५-२३,२५-१४,२५-२० ले विजयी भएको छ।

एक्सट्रिम इनर्जी ड्रिंकको मुख्य प्रायोजन, नेपाल भलिबल संघको सहयोगमा केडिया ग्रुपद्वारा आयोजित प्रतियोगितामा ६ टोली सहभागी छन्।

## भोटेकोशी बाढीः आठ मिलियन युरो सहायता

काठमाण्डु । जर्मनीले रसुवाको भोटेकोशी बाढीपीडितको राहत, उद्धार तथा पुनःस्थापनाका लागि आठ मिलियन युरो सहायता गरेको छ ।

सहकार्य तथा युरोपेली र बहुपक्षीय संयन्त्रमार्फत उक्त सहयोग प्रदान गरिएको यहाँस्थित जर्मनी दूतावासले जनाएको छ ।

जर्मनीले यसअघि पाँच लाख युरो मूल्य बराबरको आपतकालीन सहायता प्रदान गर्ने घोषणा गरेको थियो ।

नेपाल सरकारको अनुरोधमा भान्साका सामग्रीका सेट, त्रिपाल, लामखुट्टेको जाली, खानेपानी आपूर्तिका उपकरण तथा क्याम्प बेड युरोपेली सङ्घको नागरिक सुरक्षा संयन्त्रमार्फत नेपाल आउँदैछ । उक्त राहत सामग्री जर्मन सङ्घीय प्राविधिक राहत निकायका साथै जर्मन लाइफ सेभिङ एसोसिएसन र जर्मनीको थुरिङ्गिया सङ्घीय राज्यले उपलब्ध गराएका हुन् ।

त्यसैगरी, जर्मनीले तत्कालीन मानवीय आवश्यकता सम्बोधन गरिरहेका दुई संस्थालाई प्रत्यक्ष रूपमा दुई लाख युरो सहयोग प्रदान गरिरहेको छ । एउटा परियोजनाले विपद्बाट प्रभावित गर्भवती महिला, नयाँ आमा तथा नवजात शिशुको स्वास्थ्य र कल्याणमा ध्यान केन्द्रित गर्नेछ । यसअन्तर्गत आपतकालीन सामग्री उपलब्ध गराउने, अत्यावश्यक स्वास्थ्य सेवामा पहुँच कायम राख्ने तथा सङ्क्रमण रोकथामलाई सुदृढ गर्ने कार्य समावेश छन् । दोस्रो परियोजना युरोपेली सङ्घको मानवीय प्रतिकार्यको एक हिस्सा हुने दूतावासको भनाइ छ । जुन युरोपेली नागरिक सुरक्षा तथा मानवीय सहायता सञ्चालनसम्बन्धी महानिर्देशनालयमार्फत सञ्चालन हुनेछ ।

उक्त परियोजनामार्फत जर्मनीले विपद्बाट प्रभावित घरपरिवारका लागि आयआर्जनका अवसर सिर्जना, पूर्वाधार पुनःस्थापनामा सहयोग पुर्‍याउन तथा विस्थापित शिविरको अवस्था सुधार गर्न सहयोग गर्ने जनाएको छ ।

विपद्को प्रभाव तत्कालीन आपतकालीन अवस्थाभन्दा परसम्म रहने कुरालाई ध्यानमा राख्दै जर्मनीले आफ्नो विकास सहकार्यअन्तर्गत थप सात दशमलव ३५ मिलियन युरो परिचालन गरेको छ । उक्त रकम जर्मन सङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालयले उपलब्ध गराउनेछ र कार्यान्वयन जिआइजेडमार्फत गरिनेछ । नेपाल सरकारसँगको दीर्घकालीन साझेदारीलाई निरन्तरता दिँदै जिआइजेडले स्वास्थ्य तथा ऊर्जाका क्षेत्रमा सहायता प्रदान गर्नेछ । यसमा अत्यावश्यक स्वास्थ्य सेवा, ऊर्जा तथा पानी आपूर्तिमा पहुँच कायम राख्न विशेष ध्यान दिइनेछ ।

जर्मनीले जलवायु तथा विपद् प्रतिरोधी पूर्वाधारलाई सुदृढ बनाउन तथा भविष्यमा आउने प्राकृतिक विपद्प्रति नेपालको उत्थानशीलता सुधार गर्न नेपालका दीर्घकालीन प्रयासलाई सहयोग गर्ने लक्ष्य राखेको छ । रासस

# जलवायुजन्य प्रकोपः हिमाली मुलुकको अर्थतन्त्रमाथिको प्रहार



काठमाण्डु । हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर बढ्दै जाँदा बाढी, पहिरो, हिमताल विस्फोट तथा अन्य जलवायुजन्य विपद्को स्वरूप र तीव्रता परिवर्तन हुन थालेको भन्दै विज्ञहरूले चिन्ता व्यक्त गर्नुभएको छ ।

पछिल्लो समय रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले हिमाली क्षेत्र जलवायु परिवर्तनको बढ्दो जोखिममा रहेको देखाएको उहाँहरुको भनाइ छ ।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को अध्ययनअनुसार हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनको असर विश्वको औसतको तुलनामा तीन गुणा बढी छ । उक्त संस्थाका अनुसार क्षेत्रमा सन् २०११ देखि सन् २०२० को एक दशकमा त्यसअघिको तुलनामा हिमनदी पग्लने क्रम ६५ प्रतिशतले बढी छ ।

जलवायु परिवर्तनका कारण हुने यस्ता विपद्ले मानवीय क्षतिसँगै सडक, पुल, जलविद्युत्, पर्यटन, कृषि तथा अन्य पूर्वाधारमा ठूलो क्षति पुर्‍याउँदा हिमाली मुलुकको अर्थतन्त्र नै जोखिममा पर्न थालेको विज्ञहरूको भनाइ छ ।

जलवायुजन्य विपद्बाट बढी प्रभावित मुलुकले यसको प्रत्यक्ष असर सिर्जना गर्न कम भूमिका खेले पनि क्षतिको भार भने उनीहरूले नै बढी व्यहोर्नु परेको जनाउँदै जलवायु न्याय र हानि तथा नोक्सानीको विषयलाई अन्तरराष्ट्रिय मञ्चमा थप सशक्त रूपमा उठाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

राजनीतिज्ञ, सांसद, विज्ञ तथा नागरिक समाजबाट जलवायु परिवर्तनबाट सिर्जित क्षतिका लागि जिम्मेवार मुलुकबाट पर्याप्त जलवायु वित्त, प्राविधिक सहयोग तथा हानि-नोक्सानीको क्षतिपूर्ति सुनिश्चित गर्नुपर्ने आवाज उठ्दै आएको छ ।

इसिमोडका विज्ञ बन्दना शाक्यले पछिल्लो समय जलवायुजन्य विपद् हिमाली क्षेत्रले भोग्नुपरेको भन्दै यसले हिमाली अर्थतन्त्र र तल्लो तटीय क्षेत्रका कृषि तथा पूर्वाधार विकास जोखिममा रहेको बताउनुभयो । "भोटेकोशी बाढीलाई नै हिमाली क्षेत्रमा जलवायुले पारेको असरको ज्वलन्त उदाहरणका रुपमा लिन सकिन्छ," उहाँले भन्नुभयो, "रसुवाको लाङटाङ क्षेत्रमा हिमपहिरो जाँदा ठूलो धनजनको क्षति भोग्नुपरेको छ । हिमाली क्षेत्रले मात्र होइन, तल्लो तटीय क्षेत्रले पनि ठूलो नोक्सानी बेहोर्नुपरेको छ ।"

उक्त संस्थाका अर्का विज्ञ आवास पाण्डेले जलवायु परवर्तनका कारण हिमताल पग्लने क्रम तीव्र रहेको जनाउँदै अब हिमाली क्षेत्रको जलवायु जोखिम न्यूनीकरणका लागि क्षेत्रीय सहकार्य आवश्यक रहेको बताउनुभयो ।

वातावरणसम्बन्धी कानुनविद् प्रज्वलविक्रम राणाले नेपालले अब हिमालय संरक्षणका लागि जलवायु न्यायका आवाज बुलन्द बनाउन पर्ने आवश्यकतामा जोड दिनुभयो ।

### जलवायुमा विश्व समुदायको लगानी कम

जलवायुविज्ञ राजु पण्डित क्षेत्रीले विश्व समुदायको लगानी युद्ध तथा व्यापारतर्फ केन्द्रित भइरहँदा जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनका लागि आवश्यक लगानी हुन नसकेको बताउनुभयो ।

"जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा तापक्रम बढिरहेको छ । जलवायुको असर न्यूनीकरणका लागि अन्तरराष्ट्रिय समन्वय पर्याप्त छैन । जलवायुजन्य घटनाको स्वरूप परिवर्तन भइरहेको छ तर अन्तरराष्ट्रिय समुदाय यसप्रति पर्याप्त जवाफदेही हुन सकेको छैन," उहाँले भन्नुभयो ।

क्षेत्रीले पेरिस सम्झौताले विकसित मुलुकलाई जलवायु वित्त तथा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि जिम्मेवार बनाए पनि प्रतिबद्धता कार्यान्वयनमा समस्या रहेको बताउनुभयो । कतिपय शक्तिशाली मुलुक आफ्नै प्रतिबद्धताबाट पछि हट्दा अन्तरराष्ट्रिय जलवायु वित्त परिचालनमा थप चुनौती देखिएको उहाँको भनाइ छ ।

"भोटेकोशी बाढीबाट भएको क्षति माग्दैमा त्यति नै रकम प्राप्त हुन्छ भन्ने होइन । त्यसका लागि अन्तरराष्ट्रिय संयन्त्रमा तथ्य र प्रमाणसहित बलियो रूपमा प्रस्तुत हुनुपर्छ," क्षेत्रीले भन्नुभयो ।

उहाँले जलवायु परिवर्तनका कारण हुने हानि तथा नोक्सानी सम्बोधन गर्न स्थापना गरिएको अन्तरराष्ट्रिय कोषबाट नेपालले सहयोग प्राप्त गर्न सक्ने भएकाले त्यसका लागि सरकारले आवश्यक पहल र तयारी गर्नुपर्ने बताउनुभयो ।

"हानि तथा नोक्सानी कोषबाट नेपालले सहयोग पाउन सक्छ । जलवायुजन्य विपद्बाट भएको क्षतिका लागि सहयोग प्राप्त गर्न खोलिएको कोषबाट रकम ल्याउन नेपालले आवश्यक पहल गर्नुपर्छ," उहाँले भन्नुभयो ।

उहाँका अनुसार जलवायु वित्त परिचालनमा विकसित मुलुकले गरेका प्रतिबद्धता पूरा नहुँदा जलवायु परिवर्तनको जोखिममा रहेका नेपालजस्ता मुलुक थप समस्यामा परिरहेका छन् । जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका लागि आवश्यक वित्तीय र प्राविधिक सहयोग सुनिश्चित गर्न अन्तरराष्ट्रिय दबाब बढाउनुपर्ने उहाँको सुझाव छ ।

पछिल्लो समय हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि, हिमनदी पग्लिने क्रम, हिमतालको विस्फोटनको जोखिम, अतिवृष्टि र बाढीपहिरोका घटनामा परिवर्तन देखिन थालेको विज्ञहरूको भनाइ छ । त्यस्ता घटनाले हिमाली क्षेत्रका बस्ती मात्र नभई जलविद्युत्, पर्यटन, सडक तथा अन्य पूर्वाधारमा पनि प्रत्यक्ष असर पार्ने भएकाले यसको आर्थिक प्रभाव र क्षति दीर्घकालीन हुने उहाँहरुको विश्लेषण छ ।

आगामी नोभेम्बर ९ देखि २० सम्म टर्किएको अन्टाल्यामा आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-३१) मा नेपालले भोटेकोशी बाढीलगायत पछिल्ला जलवायुजन्य विपद्बाट भएको क्षतिलाई नेपालले अन्तरराष्ट्रिय समुदायसमक्ष स्पष्ट रूपमा राख्नु पर्ने विज्ञहरुको सुझाव छ ।

"कोप-३१ मा नेपालले भोगेको जलवायुजन्य घटना र त्यसबाट परेको समस्यालाई अन्तरराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्नुपर्छ । क्षतिका लागि वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउन दबाब सिर्जना गर्नुपर्छ," विज्ञ क्षेत्रीले भन्नुभयो ।

नेपालले जलवायु परिवर्तनको जोखिम न्यूनीकरणसँगै जलवायुजन्य विपद्बाट भएको हानि तथा नोक्सानीको मूल्याङ्कन, अभिलेखीकरण र अन्तरराष्ट्रियस्तरमा त्यसको दाबी प्रस्तुत गर्ने प्रणालीलाई पनि प्रभावकारी बनाउनुपर्ने उहाँको सुझाव छ ।

भोटेकोशी बाढीले हिमाली क्षेत्रमा जलवायुजन्य जोखिमको बढ्दो स्वरूप मात्र उजागर गरेको छैन, त्यसले नेपालको अर्थतन्त्रमा जलवायु परिवर्तनको सम्भावित दीर्घकालीन प्रभावबारे पनि गम्भीर बहस आवश्यक बनाएको छ । हिमाली मुलुकका लागि जलवायु परिवर्तन अब वातावरणीय विषयमा मात्र सीमित नरही विकास, अर्थतन्त्र, पूर्वाधार र जनजीविकासँग प्रत्यक्ष जोडिएको छ ।

### हिमाली क्षेत्रमा तापक्रम वृद्धि, हिउँ पग्लिने क्रमले बढाएको चुनौती

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा तापक्रम वृद्धि, हिउँ पग्लिने क्रम र जमिनको स्थायित्वमा आएको परिवर्तनले पछिल्लो समय बाढीपहिरोलगायतका विपद्को जोखिम बढाएको बताउनुहुन्छ, जलवायुविद् मञ्जित ढकाल ।

"यसपालि हामीले भोगेको विपद्को वैज्ञानिक प्रमाण र तथ्याङ्क बिस्तारै आउँदै गर्छन् तर अहिले हामी विश्वासका साथ के भन्न सक्छौँ भने पृथ्वीको तापक्रम निरन्तर बढिरहेको छ," उहाँले भन्नुभयो, "लाङटाङ उपत्यका र आसपासको क्षेत्रमा विगतका तथ्याङ्क तथा अहिलेको अवस्थालाई हेर्दा तापक्रम वृद्धि, हिउँ पग्लिने क्रम र पर्माफ्रोस्ट (जमेको जमिन) कमजोर हुने अवस्थाबीचको अध्ययनले यसमा जलवायु परिवर्तनको असरको भूमिका थियो भन्न असजिलो मान्नुपर्ने अवस्था छैन ।"

बाढीको असाधारण आकार र प्रभावले नेपालको पूर्वसूचना प्रणाली तथा विपद् पूर्वतयारी नयाँ ढङ्गले पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखाएको उहाँको भनाइ छ ।

जलवायुविद् ढकालले भन्नुभयो, "विपद् पूर्वतयारीमा केही कमजोरी अवश्य रहे होलान् तर अहिले हाम्रो कमजोरीभन्दा पनि कार्बन उत्सर्जन बढी गर्ने अन्तरराष्ट्रिय समुदायको भूमिकालाई जलवायु विज्ञानको दृष्टिकोणबाट हेर्न सक्ने अवस्था बनेको छ ।"

उहाँले जलवायु परिवर्तनका कारण भएको हानिनोक्सानी सम्बोधन गर्न स्थापित 'फन्ड फर रेस्पोन्डिङ टू लस एन्ड ड्यामेज'बाट नेपालले सहयोग प्राप्त गर्न पहल गर्नुपर्ने सुझाव दिनुभयो ।

"उक्त कोषको उद्देश्य नै जलवायुजन्य विपद्बाट प्रभावित राष्ट्रलाई द्रुत रूपमा सहयोग उपलब्ध गराउनु हो तर हालसम्म उक्त संयन्त्रबाट सहयोग परिचालन भइ नसकेको अवस्थामा नेपालबाट यसको सुरुआत गराउन अन्तर्राष्ट्रिय समर्थन जुटिरहेको छ," उहाँले भन्नुभयो, "यो हाम्रो अधिकार हो तर यसलाई क्षतिपूर्ति भनेर बुझ्नु हुँदैन ।"

उहाँले नेपालले जलवायु परिवर्तनका कारण भएको क्षतिको विषयलाई आगामी संयुक्त राष्ट्रसङ्घीय महासभा र जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप) मा सशक्त रूपमा उठाउनुपर्ने बताउनुभयो ।

नेपालको संयुक्त राष्ट्रसङ्घीय महासभामा यस पटकको सहभागितालाई भोटेकोशी बाढी र जलवायुजन्य जोखिमको विषय अन्तरराष्ट्रिय मञ्चमा पुर्‍याउने महत्वपूर्ण अवसरका रूपमा लिनुपर्ने जलवायुविद् ढकालले बताउनुभयो ।

नेपालले अन्तरराष्ट्रिय समुदायबाट प्राप्त भइरहेको सहयोग, सद्भाव र सकारात्मक दृष्टिकोणलाई कायम राख्दै सबै पक्षसँग सहकार्य गरेर विपद्बाट पुनःस्थापना र पुनर्निर्माणतर्फ अघि बढ्न विज्ञहरुको सुझाव छ ।

उहाँहरुले स्वच्छ ऊर्जा, विद्युतीय यातायात तथा खाना पकाउने वैकल्पिक प्रविधिको प्रयोग बढाएर नेपालले न्यून कार्बन विकासको बाटो रोज्न सक्ने धारणा राख्नुभएको छ ।

विज्ञहरुले नेपालले आफूले पनि कार्बन उत्सर्जन घटाउने प्रतिबद्धता कार्यान्वयन गर्दै विकसित मुलुकलाई उत्सर्जन घटाउन तथा जलवायु वित्त उपलब्ध गराउन अन्तरराष्ट्रियस्तरमा दबाब सिर्जना गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको छ ।

उहाँहरुले जलवायु परिवर्तन अब वातावरणीय विषयमा मात्र सीमित नभई हिमाली क्षेत्रको अर्थतन्त्र, पूर्वाधार, जनजीविका र विकाससँग प्रत्यक्ष जोडिएको विषय बनेकाले नेपालले वैज्ञानिक प्रमाण, कूटनीति पहल र अन्तरराष्ट्रिय सहकार्यलाई एकीकृत गर्दै अघि बढ्न सुझाव दिनुभएको छ । रासस

# बढ्दैछ महोत्तरीमा कोदोखेती



महोत्तरी । महोत्तरी जिल्लामा तीन/चार दशकयता निकै घटेको कोदाको खेती पछिल्लो केही वर्षयता भने बढ्दै गएको छ । पछिल्लो वर्षमा गुणकारी कोदोको विशेषताबारे बढी चर्चा हुन थालेपछि यहाँ किसानले कोदोखेती बढाउँदै लगेको पाइएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा ३०० हेक्टरमा गरिएको कोदोखेती दुई वर्षपछि आव २०८१/८२ मा ३७५ हेक्टरमा लगाइएको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालय जलेश्वरको तथ्याङ्क अभिलेखमा उल्लेख छ ।

यसैगरी, आव २०८२/८३ मा यो केही बढेर ३८२ हेक्टरमा खेती लगाइएको कार्यालयका सूचना अधिकारी अविरलकुमार महतो बताउनुहुन्छ । यसपाली चालु आव २०८३/०८४ मा यो खेती ५०० हेक्टरको सेरोफेरोमा पुग्ने अनुमान छ ।

पछिल्ला वर्षमा क्षेत्रफल मात्र नभएर कोदोको उत्पादन पनि बढ्दै गएको पाइएको छ । आव २०७८/७९ मा ३३० मेट्रिकटन उत्पादन भएको कोदो दुई वर्षपछि आव २०८१/८२ मा ४१२ मेट्रिकटन उत्पादन भएको थियो । गत आव २०८२/०८३ मा ४२० मेट्रिकटन उत्पादन भएको कृषि विज्ञसमेत रहनुभएका महतोले बताउनुभयो । यसपाली कोदोको उत्पादन ६५० मेट्रिकटनको सेरोफेरोमा हुने कार्यालयको ठम्याइ छ ।

महोत्तरीमा कोदो बर्खा र हिउँद दुई मौसममा लगाउने चलन छ । दुबै मौसममा उत्पादन उस्तै अनुपातमा भए पनि हिउँदमा बाली टिप्न र थन्क्याउन सहज हुने किसानको अनुभव छ । विसं २०४० को दशकमा बुबाले १० कट्ठा क्षेत्रफलमा कोदो लगाउने गर्नुभएको भङ्गाहा-४ का किसान गङ्गाराम महतोलाई राम्रै हेक्का छ । तर त्यतिखेर कोदोले राम्रो भाउ नपाएपछि विस्तारै यो खेती घट्दै गएको उहाँ बताउनुहुन्छ । पछिल्ला वर्षमा कोदोको विशेषताबारे राम्रो प्रचार हुन थालेपछि फेरि किसानले कोदोखेती बढाउँदै लगेका किसान महतोको भनाइ छ । "अहिले त अरु अन्नभन्दा कोदोले राम्रो दाम पाउन थालेको छ, कोदो चाहिले व्यक्तिले घरै आएर लाने गर्छन्", उहाँ भन्नुहुन्छ, "म आफैँ सुगर (मधुमेह) को बिरामी छु, नियमित कोदोको रोटी खानामा प्रयोग गर्छु ।"

आफैँले प्रयोग गर्ने र बेच्दा पनि राम्रो भाउ पाएपछि पछिल्ला चार/पाँच वर्षयता खेती बढाउँदै लगेको उहाँले बताउनुभयो । कोदोको ढिँडो अचेल भान्सामा विशेष परिकार बनेको छ । अहिले कोदोको पीठोबाट बिस्कुट र स्वादिष्ट हलुवा पनि बनाइने गरिएको छ । यद्यपि मधेसमा भने कोदो रोटीकै रुपमा खाने गरिँदै आएको छ ।

जिल्लामा विसं २०४० अघिसम्म करिब दुई हजार हेक्टरभन्दा बढी जग्गामा कोदोखेती हुने गरेको तत्कालीन कृषि विकास कार्यालयका अधिकृत वाणिकराज काफ्लेलाई राम्रो हेक्का छ । खासगरी सिँचाइको पहुँच नपुगेका पाखाबारीमा मुख्यबालीकै रुपमा कोदो र मकै लगाउने चलन रहेको काफ्ले सम्झनुहुन्छ ।

"कोदो एकपटक खाएपछि धेरैबेरसम्म टिक्न सकिने हुँदा गरिबको खान्की बुझिन्थ्यो, सम्पन्न किसान यसको खेती गर्दैनथे", विगत सम्झँदै काफ्ले भन्नुहुन्छ, "पछिपछि विभिन्न रोगले गाँज्नेक्रम बढेसँगै कोदोको प्रचार बढ्यो, अहिले त सम्पन्न भनिनेहरु खेती नगरे पनि झोला बोकेर कोदो किन्न बजार पुग्छन् ।" रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गोलबजार, सिराहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/२६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८३/०२/१२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

असर्फी यादवको नाति, राम नारायण यादवको छोरा, सिरहा जिल्ला, साविक सन्हैठा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ बस्ने **विरेन्द्र कुमार यादव** (ना.प्र.नं. ६८३/६/१०७३, जारी मिति २०४४/०३/०९ जि.प्र.का. सिरहा) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. राम नारायण यादवको बुहारी, विरेन्द्र कुमार यादवको पत्नि, सिरहा जिल्ला, साविक सन्हैठा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ बस्ने **फुल कुमारी देवी यादव** (ना.प्र.नं. १२४३२/८२०३३७२०, जारी मिति २०५६/०९/१३, जि.प्र.का. सिरहा) । | २. राम नारायण यादवको नातिनी, विरेन्द्र कुमार यादवको छोरी, सिरहा जिल्ला, साविक असनपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ बस्ने **पुजा कुमारी यादव** (ना.प्र.नं. १५-०१-६९-०२६६२, जारी मिति २०६९/०७/१४, जि.प्र.का. सिराहा) । |

**धितोको विवरण**

१. विरेन्द्र कुमार यादव (ना.प्र.नं. ६८३/६/१०७३, जारी मिति २०४४/०३/०९ जि.प्र.का. सिरहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. ८०७, ८०८, ८०९ र ८०६ को क्षेत्रफल क्रमशः ०-०-२.५, ०-०-२.५, ०-०-२.५ र ०-०-२.५ (विगाहा) बमोजिमको जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. फुल कुमारी देवी यादव (ना.प्र.नं. १२४३२/८२०३३७२०, जारी मिति २०५६/०९/१३, जि.प्र.का. सिरहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. ७७२ र ७७३ को क्षेत्रफल क्रमश : ०-०-२.५ र ०-०-२.५ (विगाहा) बमोजिमको जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/०९ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गोलबजार, सिराहामा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/१० गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गोलबजार, सिराहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय गोलबजार, सिराहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : गोलबजार, सिरहा
फोन नं. ०३३-५४०५११
Website : www.siddharthabank.com



## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा गा.वि.स. मिथलेश्वर मौवाही वडा नं. ५ हाल परिवर्तित मिथिला विहारी न.पा. वडा नं. ३ मा बस्ने नथुनी पंडितको नाती हरिवंश कुम्हारको छोरा मटुक पंडित कुम्हारले मेरो नाउँमा दर्ता रहेको जिल्ला धनुषा गा.वि.स. मि. मौवाही वडा नं. ४ कि.नं. ८५ क्षेत्रफल ०-१-८ जग्गाको जग्गाधनि दर्ता स्रेस्ता फेला नपरेकोले स्रेस्ता कायम गरी ज.ध. प्रमाण पूर्जा प्रतिलिपी पाउँ भनी द.नं. १७४३६ मिति २०७४/१२/२३ को माग निवेदन परी उक्त निवेदनको कारबाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८१/०२/२२ गतेको आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दावी बमोजिम निवेदकको नाममा स्रेस्ता कायम गरी ज.ध. प्रमाण पूर्जा प्रतिलिपी जारी नहुने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद वाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

# बाढीले चीनको नाका बन्द भएपछि वीरगञ्ज भन्सारमा चाप बढ्यो



**टुडे समाचारदाता**

वीरगञ्ज । पछिल्लो समय रसुवाको भोटेकोशीसहित विभिन्न नदीमा आएको विनाशकारी बाढीले चीनसँग जोडिएका प्रमुख उत्तरी नाका रसुवागढी र तातोपानी अवरुद्ध भएपछि वीरगन्ज नाकामा व्यापारिक चाप अत्यधिक बढेको छ ।

दसैं, तिहार तथा छठजस्ता प्रमुख चाडपर्व नजिकिँदै गर्दा चीनबाट आयात हुने लत्ताकपडा, जुत्ता, सजावटका सामग्री, ड्राइ फ्रुट्स, चकलेटलगायतका वस्तु व्यापारीहरूले नाका परिवर्तन गरी वीरगन्ज र यसअन्तर्गतको सिर्सिया सुक्खा बन्दरगाह हुँदै आयात गर्न थालेका छन् ।

वीरगन्ज भन्सार कार्यालय अन्तर्गतको सिर्सिया सुक्खा बन्दरगाहबाट रेलमार्फत चीनबाट आयात भएका केही सामग्री भित्रिनसमेत सुरु भइसकेको छ। चाडपर्व लक्षित सामग्रीसँगै इन्धन, सवारी साधन, निर्माणजन्य सामग्री, खाने तेललगायतका मालवस्तुको आयात नियमित भइरहेकाले भदौ महिनामा वीरगन्ज भन्सारको राजस्व असुलीमा समेत वृद्धि भएको छ ।

उत्तरी नाका अवरुद्ध भएपछि दक्षिणी नाकामा व्यापारिक चाप बढ्दा वीरगन्ज भन्सारको दैनिक आयात करिब ७० प्रतिशतले वृद्धि भएको छ। यसको प्रभाव भन्सार राजस्व असुलीमा समेत देखिएको छ ।

भदौ महिनाका लागि वीरगन्ज भन्सार कार्यालयले २३ अर्ब ५२ करोड रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य निर्धारण गरेकोमा भदौ २४ गतेसम्ममै लक्ष्यको ९३.३७ प्रतिशत राजस्व संकलन भइसकेको छ । तर, आयात बढे पनि बाढीका कारण मुख्य राजमार्गमा भएको क्षतिले सामान ढुवानीमा भने थप समस्या सिर्जना गरेको छ। वीरगन्जबाट काठमाडौंसम्म मालवस्तु पुऱ्याउँदा वैकल्पिक सडक प्रयोग गर्नुपर्ने अवस्था छ ।

ठूला कन्टेनरमा ल्याइएका सामानलाई सडकको अवस्थाका कारण बीच बाटोमै साना सवारी साधनमा सारेर काठमाडौंलगायतका बजारसम्म पुऱ्याउनुपर्ने बाध्यता समेत रहेको व्यवसायीहरूले बताएका छन्। यसले ढुवानी समय र लागत दुवै बढाएको छ ।

ढुवानी लागत बढ्दा त्यसको प्रत्यक्ष असर बजारमा उपभोग्य वस्तुको मूल्यमा पर्न सक्ने भन्दै उपभोक्तावादी संघसंस्थाले चिन्ता व्यक्त गरेका छन्। चाडपर्वको समयमा आयातित वस्तुको माग बढिरहेका बेला ढुवानी खर्चसमेत बढेमा त्यसको भार अन्ततः उपभोक्तामाथि पर्ने उनीहरूको भनाइ छ ।

यसरी उत्तरी नाका अवरुद्ध हुँदा चीनबाट आयात हुने वस्तुको वैकल्पिक प्रवेशद्वारका रूपमा वीरगन्ज नाकाको भूमिका बढेको छ। एकातर्फ वीरगन्ज भन्सारको आयात र राजस्व असुलीमा वृद्धि भएको छ भने अर्कोतर्फ सडक पूर्वाधारमा आएको क्षतिका कारण आयातित वस्तुको ढुवानी तथा मूल्यमा थप दबाब पर्ने अवस्था उत्पन्न भएको छ।

# देशमा सरकार होइन, गुण्डाराज चलिरहेको सांसद अमरेशको आरोप

**मधेशको भोट र शक्तिमा बालेन सरकार ठडिएको भन्दै बालेनलाई तासको पत्तासँग उनले तुलना गरे । अमरेशले बालेन सरकार नबने आत्मदाह गर्छु भनेर आफूले भनेको स्मरण गर्दै मधेशलाई हेप्ने हो भने प्रधानमन्त्री बालेनको पतन निश्चित भएको दाबी गरे ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारको कार्यशैलीविरुद्ध सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)कै सांसदहरू चर्को विरोधमा उत्रेका छन् । बिहीबारको प्रतिनिधिसभा बैठकमा रास्वपा सांसदले सरकारको कार्यशैलीमाथि प्रश्न उठाएका हुन् । तिनैध्येका एक हुन् डा. अमरेश कुमार सिंह ।


सर्लाही क्षेत्र नम्बर ४ बाट नेपाली कांग्रेस सभापति गगनकुमार थापालाई चुनाव हराएर 'घण्टी चुनाव चिह्न'बाट सदन छिरेका उनी संसद्मा आफ्नै सरकारले गरिरहेका गलत कामविरुद्ध खुलेर आलोचनामा उत्रेका हुन् ।

बिहीबारको प्रतिनिधिसभा बैठकमा अमरेशले प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) तथा उनको सचिवालयको खुलेरै आलोचना गरे। यतिसम्म कि बालेन सरकार 'गुण्डा शैली'मा देश चलाउन लागिपरेको सिंहले टिप्पणी गरे ।

यस्तै, प्रधानमन्त्री बालेनका सल्लाहकार कुमार बेन (व्यञ्जनकार)को बढी नै आलोचना सुनियो । बेनकै कारण बालेनले 'सिंहदरबारबाट सञ्चालन गर्नुपर्ने राज्यलाई ज्वागल'बाट चलाइरहेको सिंहको टिप्पणी छ । ललितपुर महानगरपालिकामा पर्ने ज्वागल बालेनका 'राजनीतिक सारथी' कुमार बेनको घर रहेको स्थल हो ।

बैठकको विशेष (८ मिनेट) समय लिएर बोलेका अमरेशले शुरूआतमै सरकार नेपालको संविधान अनुसार चल्न नसकेको आरोप लगाए ।

'यो संविधान मैले लिएर आएको छु, नेपालको संविधान हो । सरकार संविधानअनुसार चलिरहेको छैन' संविधान देखाउँदै अमरेशले भने 'किनकि हामीले अहिले अर्को संविधानको कल्पना पनि गरेका छैनौं । र, चुनावी मैदानमा जाँदाखेरि हामी संविधान बदल्छौं, त्यो पनि भनेका थिएनौं ।'



उनले संविधानले समावेशिताको ग्यारेन्टी गरेको भन्दै संविधानका चारवटा पिलर रहेको बताए । चारवटा पिलर; गणतन्त्र, संघीयता, समावेशिता र धर्मनिरपेक्षतामाथि अहिले प्रहार भइरहेको अमरेशको भनाइ छ ।

त्यसपश्चात् अमेरशको प्रहार प्रधानमन्त्री र उनको सचिवालयतर्फ सोभियो । नेपालको संविधानले संसदीय व्यवस्था र प्रधानमन्त्री शासन व्यवस्था अंगिकार गरेको सिंहल स्मरण गराए ।

त्यसपश्चात् सल्लाहाकार बेनको शैक्षिक योग्यता र क्षमतामा प्रश्न उठाउँदै अमरेशले हार्वर्ड, अक्सफोर्ड र क्याम्ब्रिज पढेर आएको हो ? भन्दै प्रश्न गरे । उनले सिंहदरबारबाट भन्दा पनि कुमार बेनको निवास ज्वालबाट राज्यसत्ता सञ्चालन भइरहेको भन्दै थप आपत्ति जनाए । 'सरकारको केन्द्र मैले सिंहदरबार बुझेको थिएँ, तर सरकारको केन्द्र ज्वागल बनेछ । हुकुमी शासन चलिरहेको छ' उनले अगाडि थपे 'म यहाँ घटना उल्लेख गर्न चाहन्नँ कि सम्पत्ति शुद्धीकरणको डीजीलाई बोलाएर कसैको कानपट्टिमा राति १ बजे पिस्तोल भिडाउँछ र भनिन्छ कि यसलाई दुई घण्टाभित्र रेड कर्नर नोटिस जारी गर । म त्यो घटनाको पनि चर्चा गर्न चाहन्नँ, कसरी एउटा प्रहरी प्रमुखलाई बेइज्जत गरिन्छ ।'

अमरेशले उद्योगमन्त्री (बिहीबार राजीनामा दिएकी) गौरीकुमारी यादवमाथि प्रधानमन्त्री तथा उनको सचिवालयले गलत व्यवहार गरेको भन्दै थप प्रश्न उठाए । उनले यादवलाई राजीनामा गराउन प्रधानमन्त्री र उनको सचिवालयले प्रहरी परिचालन गरेको आरोप लगाए ।

सिंहले सचिवालय र प्रधानमन्त्रीको हर्कत हेर्दा देशमा संविधानले परिकल्पना गरेको भन्दा बाहिरको 'गुन्डाराज' चलिरहेको गम्भीर आरोप लगाए ।

'यो सचिवालय र सचिवालयका केही साथीहरूको कुरा सुन्दाखेरि म आफैं झसङ्ग हुन्छु कि म कुन देशको सांसद हुँ ?' सिंहको आरोप थियो 'गुन्डाशैलीमा शासन, यो पनि संविधानले परिकल्पना गरेको छैन ।'

सांसद सिंहले आफूले उद्योग मन्त्रालयको अफर शुरूमै अस्वीकार गरेको पनि बताए । साथै, उनले वर्तमान सरकारले मधेशप्रति सद्भाव राख्न नसकेको उल्लेख गरे ।

मधेशको भोट र शक्तिमा बालेन सरकार ठडिएको भन्दै बालेनलाई तासको पत्तासँग उनले तुलना गरे । अमरेशले बालेन सरकार नबने आत्मदाह गर्छु भनेर आफूले भनेको स्मरण गर्दै मधेशलाई हेप्ने हो भने प्रधानमन्त्री बालेनको पतन निश्चित भएको दाबी गरे ।

उनले 'अथोरिटी विदाउट अकाउन्टेबिलिटी' साह्रै खतरनाक हुने भन्दै बेनको हर्कत र व्यवहारले आफ्नो शिर लाजले निहुँरिएको बताए । विशेषगरी बेन सुटुक्क भारत गएको र राजनीतिक समीकरण मिलाउन लागेको दाबी उनको थियो । बेनले जासुसी संस्थालाई भारतमा भेटेको भन्दै उनले 'रअ'सँगको भेट संकेत गरे ।

अमरेशले फरक विषयमा; रसुवाको बाढीमा शुरूदेखि नै सशस्त्र प्रहरी र नेपाल प्रहरीसँग समन्वय गरेको भए यति क्षति हुन नसक्ने धारणा राखे । उनले शुरूमा विदेशीलाई आह्वान गरेर उद्धार गर्न नसकेकोमा पनि सरकारको आलोचना गरे । उनले सरकारले किसानलाई मल दिन नसकेको तथा अर्कोतिर गृहिणीलाई ग्यास दिन नसकेको भन्दै आलोचना गरे । उनले स्वास्थ्यमन्त्री निशा मेहता र शिक्षामन्त्री सस्मित पोखरेलको पनि आलोचना गरे ।

# क्यासिनो काण्ड : इन्सपेक्टर पौडेलको ठाउँमा अर्याललाई पठाइयो

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जको क्लार्क रिसोर्टस्थित क्यासिनोबाट पक्राउ परेका इलाका प्रहरी कार्यालय पोखरियाका इन्सपेक्टर प्रदीप पौडेल निलम्बनमा परेपछि उनको स्थानमा भानुभक्त अर्याललाई पठाइएको छ ।


प्रहरी प्रधान कार्यालयले इलाका प्रहरी कार्यालय गजुरीबाट काज सरुवा गरी अर्याललाई इलाका प्रहरी कार्यालय पोखरियामा पठाएको हो । अर्यालले बिहीबारदेखि पोखरियास्थित इलाका प्रहरी कार्यालयको कमाण्ड सम्हालेका छन् ।

वीरगन्ज महानगरपालिका-१४गण्डकस्थित क्लार्क रिसोर्टमा सञ्चालित क्यासिनोमा गत भदौ २० गते राति पर्साका प्रहरी उपरीक्षक (एसपी) पवन भट्टराईले आफैं छापा हानेका थिए। सो क्रममा क्यासिनोभित्रबाट प्रहरी निरीक्षक पौडेलसहित आठ जनालाई प्रहरीले पक्राउ गरेको थियो ।

क्यासिनोमा नेपाली नागरिकलाई प्रवेश गराई जुवा खेलाएको तथा जुवा खेलेको आरोपमा पक्राउ परेका उनीहरूमाथि जिल्ला प्रहरी कार्यालय पर्साले अनुसन्धान गरिरहेको छ। पक्राउ परेका सबै अहिले जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा रहेका छन् ।

क्यासिनोबाटै पक्राउ परेका प्रहरी निरीक्षक पौडेलमाथि विभागीय कारबाही अघि बढाउँदै निलम्बन गरिएको हो। उनको निलम्बनपछि रिक्त भएको पोखरिया इलाका प्रहरी कार्यालयको कमाण्ड सम्हाल्न प्रहरी प्रधान कार्यालयले अर्याललाई काजमा पठाएको हो ।

# मधेशप्रति समर्पित हुने मधेशवादी नेताहरुको संकल्प



**टुडे समाचारदाता**

जनकपुरधाम । राज्य सत्ताको शोषण दमनविरुद्ध संघर्ष गर्दै मधेशी जनतालाई अधिकार सम्पन्न बनाउन मधेशकै लागि समर्पित रहने संकल्प मधेशवादी दलसँग आबद्ध नेताहरुले गरेका छन् ।

बिहीवार जनकपुरधाममा शहीद संजय चौधरी स्मृति प्रतिष्ठानद्वारा आयोजित 'मधेश : अबकी राह' विषयक संवाद श्रृंखला कार्यक्रममा बोल्ने वक्ताहरुले मधेशलाई अधिकार सम्पन्न बनाउन आफ्नो अघिल्लो कदम मधेशका लागि समर्पित गर्ने संकल्प गरेका हुन् ।

कार्यक्रममा जसपा नेपालका नेता एवं जनकपुरधाम उपमहानगरपालिकाका पूर्व मेयर लालकिशोर साहले मधेश र मधेशी जनताप्रति राणा शासन कालदेखि हालसम्म राज्यसत्ता संचालकर्ताको शोषण दमनसहितका वक्रदृष्टि रहेको आरोप लगाए ।

उनले भने राणा शासन कालमात्रै होइन बहुदल आएदेखि संविधान निर्माणसम्मको मधेशी जनतालाई दबाउने गरी गरिएको शोषण दमनविरुद्धकै उपज थियो मधेश आन्दोलन । मधेशीलाई अधिकारबाट वञ्चित गर्न यही कांग्रेस,एमालेरमाओवादीसहितका दलले अन्तरिम संविधानबाट संघीयता भन्ने शब्द हटाएपछि विद्रोह भएर मधेश आन्दोलन भएको थियो ।

हिजोपनि राज्य सत्ताले देशमा संघीयता चाहेको थिएन र आजपनि सत्तारुढ दल रास्वपा पार्टीले मधेशीलाई अधिकार सम्पन्न बनाउने संघीयतालाई समाप्त पार्ने खेलमा लागेको छ । रास्वपाप्रति आक्रोश व्यक्त गर्दै नेता साहले भने २०७९ सालकै निर्वाचनमा रास्वपाको एजेण्डा संघीयता समाप्त पार्ने थियो । तर त्यो बेला नसकेपछि सरकारमा झण्डै दुई तिहाईको बहुमत पाएपछि संघीयता समाप्त पार्न आफ्नो महाधिवेशनबाटै संघीयतालाई समाप्त पार्ने खालका निर्णय गरेका छन् ।

उनले संघीयता कसैको दयाकृपाबाट देशमा नआएको स्पष्ट पार्दै भने यो संघीयता देशमा त्यसै आएको होइन, संजय चौधरी जस्ता सयौं मधेशी जनताले छातीमा गोली खाएर ल्याएको हो । यसलाई कसैले समाप्त पार्ने सोच बनाएको छ भने त्यो तिनीहरुको दिवास्वपन हो । संघीयता समाप्त पार्न सरकार वा रास्वपाबाट कुनै कदम चालियो भने देशमा अर्को जनविद्रोहको अवस्था आउने चेतावनी दिए ।

नेता साहले शहीदलाई उचित सम्मान कसैले गरेको हो भन्ने त्यो मधेशवादी दल नै हो । मधेश प्रदेश सरकार बनेपछि नै शहीदलाई उचित सम्मान दिइयो । जसको उदाहरण जनकपुरधाममा निर्माण गरिएको शहीद गेट हो । साथै उनले संघीय सरकारमा गएर मधेशवादी दलले ठूलो गलती गरेको आरोप समेत लगाए ।

कार्यक्रममा तराई मधेश लोकतान्त्रिक पार्टीका नेता डा. विजयकुमार सिंहले भने पनि देशमा संघीयता ल्याउनेमा मधेशवादी दलको ठूलो भूमिका पार्दै आफू भित्रको आन्तरिक विवादले वर्तमान अवस्था आएको गुनासो गरे ।

उनले पनि रास्वपाको महाधिवेशनबाट संघीयतालाई समाप्त पार्ने गरी गरिएको निर्णयप्रति विरोध जनाए । उनले अब युवाहरुलाई मधेश र देश बनाउनेतर्फ लाग्नुपर्ने बताए ।

कार्यक्रममा नेता रमण पाण्डे र संजय चौधरी लगायतका वक्ताहरुले पनि आ आफ्ना धारणा राखेका थिए ।

# गाँजासहित एक वृद्ध पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजासहित एक जना वृद्धलाई पक्राउ गरेको छ । प्रहरीका अनुसार पक्राउ पर्नेमा ७० वर्षीय दुःखी महतो रहेको छ ।

विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीबाट खटिएको प्रहरी टोलीले पटेर्वासुगौली गाउँपालिका-४ भथौरास्थित एक घरमा खानतलासी गरेको थियो । खानतलासीका क्रममा घरभित्र लुकाइछिपाइ राखिएको गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार घरधनी ७० वर्षीय महतोको घरबाट प्लास्टिकसहित १८ किलो ४ सय ग्राम गाँजा फेला परेको थियो । प्लास्टिकको तौल घटाउँदा १७ किलो ७ सय ग्राम गाँजा रहेको प्रहरीले जनाएको छ ।

गाँजासहित महतोलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए ।









जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८